कोशी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

विराटनगर, नेपाल



शुभकामना

आदरणीय प्रदेशबासी बुबाआमा, दाजुभाइ, दिदीबहिनी तथा मेरा प्यारा बालबालिकाहरु,

नेपालको संविधान र हामीले बनाएका कानुनी संरचनाहरूले बालबालिकाको अधिकारलाई केवल कागजी विषय मात्र नभई राज्यको प्रमुख दायित्व र मौलिक हकका रूपमा स्थापित गरेका छन्। बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखेर हामीले अघि बढाएका नीतिगत तथा संस्थागत प्रयासहरूको ठोस नतिजास्वरूप **"कोशी प्रदेशका बालबालिकाको स्थिति प्रतिवेदन-२०८३"** सार्वजनिक भएको छ। यो ऐतिहासिक अवसरमा म सम्पूर्ण प्रदेशवासी तथा प्यारा बालबालिकाहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। राजनीतिक परिवर्तन र संघीयताको यो अभ्यासमा जनताको घरदैलोसम्म सेवा पुर्याउने जिम्मेवारी सम्हालिरहँदा बालबालिकाको मुहारमा खुसी र उज्यालो भविष्य देख्नु नै हाम्रो राजनीतिक र नैतिक धर्म हो। यसै मर्मलाई आत्मसात् गर्दै कोशी प्रदेश सरकारले बालबालिकाको संरक्षण, विकास र सहभागितालाई प्राथमिकतामा राखेर काम गरिरहेको छ। हाम्रो प्रदेशमा बालमैत्री स्थानीय शासनको अभियानलाई तीव्रता दिँदै १३७ स्थानीय तहमध्ये १३१ वटामा बाल कल्याण अधिकारीको व्यवस्था गरिएको छ भने ५ वटा स्थानीय तह र थुप्रै वडाहरू बालमैत्री घोषणा भइसकेका छन्। त्यस्तै, ३ वटा स्थानीय तहलाई बालश्रममुक्त घोषणा गर्न सफल हुनु हाम्रो सामूहिक प्रतिबद्धताको गतिलो उदाहरण हो।

हामीले सीमान्तकृत समुदायका छोरीहरूलाई शिक्षाको मूलधारमा ल्याउन र उनीहरूको आत्मबल बढाउन **'सक्षम छोरी कार्यक्रम' र किशोरी सशक्तीकरण तथा आत्मरक्षा** जस्ता रूपान्तरणकारी कार्यक्रमहरूलाई प्रदेशभरि विस्तार गरेका छौं। अपाङ्गता भएका बालबालिकाको अधिकार र पुनर्स्थापनाका लागि स्थानीय तहसँगको सहकार्यमा प्रभावकारी कार्यक्रमहरू सञ्चालनमा छन् भने बाल हेल्पलाइन (१०९८), खोजतलास सेवा (१०४), सुरक्षित आवास गृह (सेफ हाउस) र एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) मार्फत हिंसामा परेका वा जोखिममा रहेका बालबालिकाको तत्काल उद्धार, राहत र पुनर्मिलनको व्यवस्था मिलाइएको छ।

यस प्रतिवेदनले केही सकारात्मक संकेत दिए पनि अझै पनि बालविवाह, बालश्रम, विभिन्न प्रकारका हिंसा र सामाजिक विभेदका चुनौतीहरू पूर्ण रूपमा समाप्त भइसकेका छैनन्। यी समस्याहरूको जरो उखेल्न मन्त्रालयको एक्लो प्रयासले मात्र पुग्दैन। यसका लागि जनप्रतिनिधि, स्थानीय तह, नागरिक समाज, आमासमूह, शिक्षक, अभिभावक र स्वयम् बालबालिकाको सक्रिय सहभागिता र जनचेतना अपरिहार्य छ।

अन्त्यमा, यो प्रतिवेदनले आगामी दिनमा थप जिम्मेवार भएर नीति तथा योजना निर्माण गर्न स्पष्ट मार्गदर्शन गर्नेछ भन्ने विश्वास लिएको छु। बालबालिकाको मुहारमा कहिल्यै पनि असहायपन वा भय देख्न नपरोस्, उनीहरूले सुरक्षित, समतामूलक र बालमैत्री वातावरणमा बाँच्न, खेल्न र फस्टाउन पाऊन्' यही मेरो दृढ संकल्प र शुभकामना छ।

धन्यवाद।

मितिः २०८३ मंसिर ४

माननीय गीता तिम्सिना

सामाजिक विकास मन्त्री

कोशी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

विराटनगर, नेपाल



शुभकामना

बालबालिका देशका वर्तमानका साझेदार र भविष्यका कर्णधार हुन्। नेपालको संविधान (धारा ३९) एवं बिषयगत कानूनले तथा बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाको अधिकारलाई सुनिश्चित गरेका छन्। यसै मर्मतर्फ केन्द्रित भई कोशी प्रदेशमा बालबालिकाको समग्र स्थिति, उपलब्धि र भावी दिशा समेटिएको **"कोशी प्रदेशका बालबालिकाको स्थिति प्रतिवेदन-२०८३"** प्रकाशन हुन लागेको सुखद् अवसरमा म सम्पूर्ण प्रदेशवासी अभिभावक, शिक्षक,सरोकारवाला निकाय र बालबालिकाहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

कोशी प्रदेश सरकारले बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राख्दै बाल बचावट, बाल संरक्षण, बाल विकास र बाल सहभागिताका क्षेत्रमा नीतिगत तथा संस्थागत अभ्यासहरूलाई तीव्रता दिएको छ। प्रदेशका १३७ स्थानीय तहमध्ये १३१ वटामा बाल कल्याण अधिकारीको व्यवस्था हुनु, ५ वटा स्थानीय तह र विभिन्न वडाहरू बालमैत्री घोषणा गरिनु तथा ३ वटा स्थानीय तह बालश्रममुक्त घोषित हुनु हाम्रा महत्वपूर्ण उपलब्धि हुन्।

शिक्षाको पहुँच विस्तार, बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार, अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम, बालगृह व्यवस्थापन र सुरक्षित आवास गृहहरूको सञ्चालनलाई मन्त्रालयले प्राथमिकतामा राखेको छ। सीमान्तकृत समुदायका छोरीहरूको शिक्षाका लागि "**सक्षम छोरी कार्यक्रम**" र "**किशोरी सशक्तीकरण तथा आत्मरक्षा**" अभियान तथा जोखिममा परेका बालबालिकाको उद्धारका लागि बाल हेल्पलाइन (१०९८), खोजतलास सेवा केन्द्र (१०४) र अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र जस्ता सेवाहरू प्रभावकारी रूपमा सञ्चालनमा छन्।

अन्त्यमा, यो तथ्यपरक स्थिति प्रतिवेदनले आगामी दिनमा बालबालिका लक्षित नीति, योजना तथा बजेट तर्जुमा गर्न र रूपान्तरणकारी कार्यक्रमहरू सञ्चालन गर्न महत्वपूर्ण मार्गदर्शन प्रदान गर्ने विश्वास लिएको छु । प्रतिवेदन तयारीमा अहोरात्र खटिनुहुने मन्त्रालयका कर्मचारीहरू, विषय विज्ञ, तथ्याङ्क उपलब्ध गराउनुहुने सम्पूर्ण निकाय तथा सहयोगी संस्थाहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रत्येक बालबालिकाले भयरहित, सुरक्षित र बालमैत्री वातावरणमा हुर्कन, पढ्न र आफ्नो प्रतिभा प्रस्फुटन गर्न पाउने सुनौलो भविष्यको कामना गर्दछु ।

धन्यवाद ।

मितिः २०८३ मंसिर ४

रामकृष्ण अधिकारी

प्रदेश सचिव

कार्यकारी सारांश

बालबालिका देशका वर्तमान साझेदार र भविष्यका कर्णधार हुन् भन्ने मान्यतालाई आत्मसात गर्दै, कोशी प्रदेश सरकारले बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण र सहभागिताको वस्तुस्थितिको सूक्ष्म विश्लेषण गरी यो स्थिति प्रतिवेदन तयार पारेको छ। नीति, योजना तथा कार्यक्रमलाई तथ्यपरक बनाउने मूल उद्देश्यसहित तयार पारिएको यस प्रतिवेदनले प्रदेशमा बाल अधिकारको समग्र चित्र र भावी कार्यदिशा प्रस्तुत गरेको छ। जसको संक्षिप्त कार्यकारी सारांश देहायबमोजिम रहेको छः

१. पृष्ठभूमिः

संविधानको धारा ३९ ले बालबालिकाको हकलाई मौलिक हकको रूपमा सुनिश्चित गर्दै सर्वोत्तम हितलाई राज्यको नीतिका रूपमा अंगिकार गरेको छ। संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि (१९८९) र दिगो विकास लक्ष्यहरूप्रतिको प्रतिबद्धता अनुरूप बालबालिका सम्बन्धी ऐन, २०७५ र राष्ट्रिय बालबालिका नीति, २०८० कार्यान्वयनमा रहेका छन्। कोशी प्रदेश सरकारले संघीय कानुनको परिपूरकका रूपमा 'कोशी प्रदेश बालबालिका संरक्षण ऐन, २०७७', नियमावली, २०८०', 'बालविवाह विरुद्धको प्रादेशिक रणनीति', 'सक्षम छोरी कार्यक्रम सञ्चालन कार्यविधि, २०८३' लगायतका डेढ दर्जन नीति तथा कानुनहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२-०८५/८६)ले 'बालमैत्री समाज निर्माण' को सोच राखेको छ।

राष्ट्रिय जनगणना २०७८ को आधिकारिक तथ्याङ्क अनुसार कोशी प्रदेशको कुल जनसङ्ख्या ४९,६१,४१२ रहेको छ। जसमध्ये १८ वर्षमुनिका कुल बालबालिकाको जनसङ्ख्या करिब ३१.९ प्रतिशत (१५.७ प्रतिशत बालक र १६.२ प्रतिशत बालिका) रहेको छ। सङ्ख्यात्मक रूपमा हेर्दा, कोशी प्रदेशमा करिब १५ लाख ८२ हजारको हाराहारीमा बालबालिकाहरू रहेका छन्। प्रदेशको कुल जनसङ्ख्याको झण्डै एक तिहाइ हिस्सा ओगट्ने यस उमेर समूहको बाहुल्यताले कोशी प्रदेशमा बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण, संरक्षण र सर्वाङ्गीण विकासका लागि राज्यले गर्नुपर्ने लगानी र नीतिगत प्राथमिकताको आवश्यकतालाई स्पष्ट रूपमा उजागर गर्दछ। भावी पुस्ताको रूपमा रहेका यी बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्नु प्रदेश सरकारको प्रमुख दायित्व हो।

२. संस्थागत तथा संरचनागत संयन्त्र

प्रादेशिक संयन्त्रः

प्रदेशस्तरमा बालबालिकाको हक हित प्रवर्द्धन गर्न सामाजिक विकास मन्त्रालय अन्तर्गत सामाजिक विकास महाशाखा र माननीय मन्त्रीज्यूको संयोजकत्वमा प्रदेश बाल अधिकार समिति क्रियाशील छ। प्रदेश सभाको सामाजिक विकास समितिले यस क्षेत्रमा निरन्तर अनुगमन र निर्देशन दिँदै आएको छ।

स्थानीय संयन्त्रः

कोशी प्रदेशका १३७ स्थानीय तहमध्ये १३१ वटामा बाल कल्याण अधिकारीको व्यवस्था गरिएको छ भने ९४ स्थानीय तहमा बाल अधिकार समिति गठन भइसकेको छ। यसैगरी, १११ वटा स्थानीय तहमा बालबालिका सम्बन्धी कार्यविधि निर्माण भएका छन् र ६७ वटा स्थानीय तहमा आपत्कालीन उद्धारका लागि बालकोष स्थापना गरिएको छ।

संरचनागत सेवाः

लैङ्गिक हिंसाबाट पीडित बालबालिकाको उपचार र संरक्षणका लागि प्रदेशका १६ वटा अस्पतालमा एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) सञ्चालनमा छन्। १४ वटै जिल्लामा पहुँच पुग्ने गरी ५ स्थानबाट 'बाल हेल्पलाइन सेवा १०९८' सञ्चालनमा छ। नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र ४४ वटा र विभिन्न सामाजिक विकास सस्था र स्थानीय सरकार मार्फत सञ्चालन भएका २२ वटा अल्पकालीन सुरक्षित आवास केन्द्र (सेफ हाउस) मन्त्रालयमा सूचीकृत भई क्रियाशील रहेका छन्। सामाजिक विकास मन्त्रालय मार्फत लैगिक हिंसा पीडित महिला तथा बालिकाको संरक्षणका लागि दीर्घकालीन पुन:स्थापना गृह समेत सञ्चालनमा रहेको छ।

३. बाल बचावट र स्वास्थ्यको अवस्था

संविधान र जनस्वास्थ्य सेवा ऐनले सुनिश्चित गरेको आधारभूत स्वास्थ्य सेवाअन्तर्गत कोशी प्रदेशमा महत्त्वपूर्ण सुधारहरू भएका छन्।

स्वास्थ्य सूचकः

कोशी प्रदेशमा नवजात शिशु मृत्युदर प्रति हजार जीवित जन्ममा १७, शिशु मृत्युदर २७ र ५ वर्षमुनिको बाल मृत्युदर ३१ रहेको छ। ५ वर्षमुनिका बालबालिकामा पुड्कोपना २६.२%, ख्याउटेपन ६.६% र कम तौल १७% रहेको छ। मातृ मृत्युदर प्रदेशमा प्रति लाख १५७ रहेको छ भने संस्थागत प्रसूति दर ८२ प्रतिशत पुगेको छ।

खोप र स्वास्थ्य सेवाः

कोशी प्रदेशमा पूर्ण खोप पाउने बालबालिकाको दर ७६.३३ प्रतिशत रहेको छ। गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७५/७६ देखि हालसम्म २८१ जनाको उद्धार गरिएको छ।

अपाङ्गता रोकथामः

कोशी प्रदेश सरकार, स्थानीय तह र साझेदार संस्था बीचको त्रिपक्षीय साझेदारीमा सुरु भएको 'अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम' प्रदेशका सम्पूर्ण १३७ वटै स्थानीय तहमा विस्तार भई हजारौं बालबालिकाको जन्मदोष परीक्षण र उपचारमा सहयोग पुगेको छ।

बाल संरक्षणको अवस्था

बालबालिकाविरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र दुर्व्यवहार अन्त्य गर्न प्रदेश सरकार कटिबद्ध छ।

जन्मदर्ता र बालश्रमः

कोशी प्रदेशमा ५ वर्ष वा सोभन्दा कम उमेरका बालबालिकाको जन्मदर्ता दर ७०.८ प्रतिशत रहेको छ। हालसम्म सूर्योदय नगरपालिका, पौवादुङमा र हरिनगर गाउँपालिका गरी ३ वटा स्थानीय तह बालश्रम मुक्त घोषणा भएका छन्।

उद्धार तथा खोजतलासः

'बालबालिका खोजतलास सेवा १०४' मार्फत आ.व. २०८२/८३ मा १५९ जना सडक बालबालिकाको उद्धार गरिएको छ। हराएका ३५ बालबालिकामध्ये २० जनाको पारिवारिक पुनर्मिलन गराइएको छ भने २३ जना बेवारिसे बालबालिकाको उद्धार भएको छ।

न्याय र हिंसाः

बालबालिकाविरुद्धको हिंसा तथा बाल यौन दुर्व्यवहारका जम्मा ७५९ मुद्दामध्ये ५१२ जबरजस्ती करणीका घटना प्रहरीमा दर्ता भएका छन्। कानुनको विवादमा परेका २४३ जना बालकहरू बाल सुधार गृह मोरङमा संरक्षित छन् भने विभिन्न कारागारमा अभिभावकसँगै ७ जना बालबालिका आश्रित रहेका छन्।

४. बाल विकास र शिक्षाको अवस्था

प्रारम्भिक बाल विकासदेखि माध्यमिक तहसम्म शिक्षाको पहुँचमा व्यापक सुधार आएको छ।

प्रारम्भिक बाल विकास (ECD):

प्रदेशमा ८०३४ बालविकास केन्द्रहरूमा १,८५,२०४ बालबालिका भर्ना भएका छन्। यी केन्द्रहरूमा दलित (२५,१६१) र जनजाति (९०,६९८) बालबालिकाको उच्च सहभागिता रहेको छ। साथै १६०५ जना अपाङ्गता भएका बालबालिका पनि बालविकास केन्द्रमा अध्ययनरत छन्।

विद्यालय शिक्षाः

कोशी प्रदेशका ५०२३ आधारभूत र २१३२ माध्यमिक विद्यालयहरूमा जम्मा १०,७१,४०५ (५,१८,८९६ बालिका र ५,५२,५०९ बालक) विद्यार्थी अध्ययनरत छन्। प्राथमिक तहको खुद भर्नादर ९७ प्रतिशत पुगेको छ भने छात्रा र छात्रको अनुपात १.० भन्दा माथि पुगी शैक्षिक पहुँचमा लैङ्गिक समता कायम भएको छ।

५. बाल सहभागिता र बालमैत्री स्थानीय शासन

योजना तर्जुमा तथा नीति निर्माणमा बालबालिकाको अर्थपूर्ण सहभागिता प्रवर्द्धन गर्न प्रदेश बाल संरक्षण ऐनले प्रदेशस्तरीय बाल क्लब सञ्चालको व्यवस्था गरेको छ। बालमैत्री स्थानीय शासन (CFLG) को अवधारणा अनुरूप कोशी प्रदेशका ५ वटा स्थानीय तहहरू (भद्रपुर, रामधुनी, सूर्योदय, कन्काई नगरपालिका र कमल गाउँपालिका) र विभिन्न स्थानीय तहका ३४ वटा वडाहरू पूर्ण रूपमा बालमैत्री घोषणा भइसकेका छन्।

६. प्रदेश सरकारका अभियानमूलक कार्यक्रम

कोशी प्रदेश सरकारले **आ.व. २०८३/०८४ को** नीति तथा कर्यक्रम र बजेट वक्तव्यमार्फत बालबालिका लक्षित विशेष अभियानहरू सञ्चालन गरेको छ।

सक्षम छोरी कार्यक्रमः

सीमान्तकृत समुदायका छोरीहरूलाई शिक्षाको मूलधारमा जोडी आर्थिक तथा सामाजिक रूपान्तरण गर्न रु. ७ करोड बजेट विनियोजन गरिएको छ, जसबाट १२५२ सामुदायिक विद्यालयका करिब २ लाख ७५ हजार छात्रा लाभान्वित हुनेछन्।

किशोरी सशक्तीकरणः

विद्यालयस्तरमा 'किशोरी सशक्तीकरण तथा आत्मरक्षा' अभियानलाई निरन्तरता दिइएको छ।

अपाङ्गता प्रवर्द्धनः

सांकेतिक भाषा र प्रविधिको विस्तारका लागि रु. १६ करोड ५० लाख र बौद्धिक अपाङ्गता तथा अटिजम भएका बालबालिकाको स्रोत कक्षा व्यवस्थापनका लागि रु. १ करोड विनियोजन गरिएको छ।

७. निष्कर्ष तथा भावी कार्यदिशा

कानुनी र नीतिगत अभ्यासको फलस्वरूप बाल विकासका विभिन्न सूचकहरूमा कोशी प्रदेशले सकारात्मक र प्रशंसनीय नतिजाहरू प्राप्त गरेको छ। शिक्षामा लैङ्गिक समता, घट्दो बाल मृत्युदर र कुपोषण न्यूनीकरण उत्साहजनक छन्। यद्यपि बालविवाह, बालश्रम र प्रविधिजन्य हिंसा जस्ता जोखिमहरू न्यूनीकरण गर्न अझै मिहिनेत आवश्यक छ। आगामी दिनमा बाल अधिकारका सबै आयामहरूमा थप सफलता हासिल गर्न देहायबमोजिमका भावी कार्यदिशा सुझाइएको छः

गौरवका कार्यक्रम सञ्चालनः

बालबालिकाको सर्वाङ्गीण विकासलाई सुनिश्चित गर्न संघीय, प्रादेशिक र स्थानीय गरी तिनै तहका सरकारको संयुक्त लगानी र साझेदारीमा कम्तीमा ३ वटा 'बालबालिका लक्षित रूपान्तरणकारी/गौरवका कार्यक्रम' तय गरी निरन्तर कार्यान्वयनमा ल्याउनुपर्ने।

संस्थागत र वित्तीय सुदृढीकरणः

प्रदेश सरकारबाट सञ्चालित 'सक्षम छोरी', 'किशोरी सशक्तीकरण' तथा 'सेफ हाउस' जस्ता प्रभावकारी कार्यक्रमहरूको दिगोपनका लागि स्रोतको सुनिश्चितता गर्ने। स्थानीय तहहरूमा स्थापित बाल अधिकार तथा संरक्षण कोषलाई थप प्रभावकारी बनाउने।

समन्वय र सहकार्यः

बालबालिकासँग सम्बन्धित जोखिम न्यूनीकरण गर्न विकास साझेदार, सामाजिक विकास संस्था, नागरिक समाज, सञ्चारमाध्यम र निजी क्षेत्र लगायत सम्पूर्ण सरोकारवालाहरूको एकीकृत प्रयासलाई सघन बनाउनुपर्ने।

विषयसूची

विवरण पृष्ठसंख्या

परिच्छेद १ ..... १

बाल अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि कानूनी तथा नीतिगत व्यवस्था र कार्यान्वयनको अवस्थाः १

१.१ परिचय १

१.२. बालबालिका सम्बन्धी राष्ट्रिय नीति, योजना तथा कार्यक्रमगत व्यवस्था १२

परिच्छेद २ ..... २८

बाल बचावट २८

२.१ परिचय २८

२.२ बालबालिकाको स्वस्थ जीवन र स्वास्थ्य सुरक्षा २९

२.३ खोप, शिशु तथा बाल स्वास्थ्य ३०

२.४ पोषण ३१

२.५ बालबालिकाको वृद्धि, अनुगमन र प्रवर्द्धन ३१

२.६ मातृमृत्यु दर ३२

२.७ गर्भवती तथा सुत्केरीको उद्धार ३३

२.८ स्वास्थ्य संस्थामा जन्मिएका बालबालिकाको अनुपात ३४

२.९ स्वास्थ्य संस्था ३४

२.१० अपाङ्गता भएका बालबालिकाको उपचार ३५

२.११ अपाङ्गता भएका बालबालिकाको उपचार तथा रोकथाम ३५

२.१२ संक्रामक रोग र बालबालिका ३७

२.१३ स्वच्छ खानेपानीको प्रवन्ध ३७

परिच्छेद ३ ..... ३९

बालसंरक्षण ३९

३.१ परिचय ३९

३.२ जन्मदर्ता ४०

३.३ अपाङ्गता भएका बालबालिका ४१

३.४ बालश्रम..... ४१
३.५ सडक बालबालिका ४२
३.६ बालविवाह ४३
३.७ बालबालिका विरुद्धको हिंसा र बाल यौन दुर्व्यवहार..... ४४
३.८ सवारी दुर्घटनामा परेका बालबालिका..... ४५
३.९ बाल सुधार गृह मोरङ मा रहेका बालबालिकाहरुः ४६
३.१० कैदी बन्दीसँगै कारागारमा रहेका बालबालिका ४७
३.११ बालगृह ४८
३.१२ द्वन्द्व प्रभावित बालबालिका..... ४९
३.१३ हराएका/फेला परेका बालबालिकाहरु.....५०
३.१४ बालहेल्पलाईन सेवा १०९८ को प्रवन्ध..... ५४
३.१५ लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिका ५८
परिच्छेद ४.....५९
बालविकास.....५९
४.१ परिचय.....५९
४.२ प्रारम्भिक बाल विकासः.....५९
४.३ बालविकास केन्द्रमा भर्ना भएका बालबालिकाहरुको जातिगत उपस्थिति ६०
४.४ बालविकास केन्द्रमा अपाङ्गता भएका बालबालिकाहरुको उपस्थिति.....६०
४.५अपाङ्गता वर्गिकरणका आधारमा बालविकास केन्द्रमा भर्ना भएका बालबालिकाहरुको विवरण
..... ६१
४.६ प्रदेशमा विद्यालयको विवरण..... ६२
४.७ विद्यालयमा अध्ययनरत बालबालिकाहरुको विवरण..... ६३
४.८ विद्यालय तहमा अध्ययनरत अपाङ्गता भएका बालबालिकाहरुको अवस्था.....६४
परिच्छेद ५..... ६५
बालसहभागिता..... ६५
५.१. परिचय..... ६५
५.२ बालबालिकाको विचार र अभिव्यक्ति स्वतन्त्रता..... ६६

५.३ बालबालिकाको संस्कृति तथा मनोरञ्जनमा सहभागिता ६७
५.४ बालक्लब..... ६७
५.५ बालबालिकाहरुको राष्ट्रिय तथा अन्तराष्ट्रिय सहभागिता ६७
परिच्छेद ६..... ६९
बालमैत्री स्थानीय शासन ६९
६.१ पृष्ठभूमि ६९
६.२ बालमैत्री स्थानीय तह घोषणा भएका स्थानीय तहहरुको विवरणः ६९
परिच्छेद ७..... ७१
निष्कर्ष..... ७१

परिच्छेद १

बाल अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि कानूनी तथा नीतिगत व्यवस्था र कार्यान्वयनको अवस्थाः

१.१ परिचय

संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई नेपालले वि.स. २०४७ साल भदौ २९ गते (सन् १९९० को सेप्टेम्बर १४ तारिखमा) अनुमोदन गरी बालबालिकाको अधिकार तथा हक हितको संरक्षण तथा सम्वर्धन सुनिश्चित गर्नका लागि प्रतिबद्दता जनाएको छ। यस महासन्धिको इच्छाधीन आलेखमध्ये बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बाल अधिकार सम्बन्धि महासन्धीको इच्छाधिन आलेख, २००० लाई सन् २००६ मा, सशस्त्र द्धन्द्दमा बालबालिकाको संलग्नता सम्बन्धमा व्यवस्था भएको बाल अधिकार सम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० लाई सन् २००७ मा र निकृष्ट प्रकारका बालश्रम उन्मूलन सम्बन्धी आइ.एल.ओ. महासन्धि १९९९ (नं. १८२) लाई सन् २००४ मा अनुमोदन गरेको छ। यी महासन्धि, इच्छाधीन आलेख लगायत नेपाल सरकारले अनुमोदन गरेका बालबालिकासँग सम्बन्धित संयुक्त राष्ट्र संघीय र अन्तर्राष्ट्रिय अन्य घोषणाहरु कार्यान्वयनमा रहेका छन्।

बाल अधिकार सम्बन्धी महासन्धी लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्दता पूरा गर्न नेपालले सोही अनुरुप कानून तथा नीति निर्माण, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन एवम् संस्थागत संयन्त्रहरुको व्यवस्था गरी कार्यहरु निरन्तर रुपमा गर्दै आएको छ। नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरी बालबालिकाको सर्वोतम हितलाई राज्यको नीतिका रुपमा अंगिकार गरेको छ। नेपालको संवैधानिक व्यवस्था कार्यान्वयनका लागि बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण,सम्वर्द्ध, प्रवर्द्धन, परिपुर्ति र पालनाका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा रहेको छ।

१.१ नेपालको संविधानमा बालबालिका सम्बन्धी व्यवस्था

नेपालको संविधानमा उल्लिखित मौलिक हक, राज्यको नीति, नागरिकता, मानव अधिकार लगायतका आयोग सम्बन्धी व्यवस्थाहरु प्रत्यक्ष रुपमा बालबालिकाको अधिकार तथा हक हितको संरक्षण तथा संम्वर्द्धनका लागि व्यवस्था गरिएका छन्। संविधानमा बालबालिकाको अधिकार तथा हक हित सूनिश्चिताको लागि व्यवस्था गरेको प्रावधानहरु तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १: नेपालको संविधानमा व्यवस्था गरिएका बालबालिकाका मौलिक हकहरु

क्र.स.	मौलिक हकहरु	प्रावधानहरु
१.	धारा १८ को समानताको हक	उपधारा(१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन। उपधारा (२) सामान्य कानूनको प्रयोगमा उत्पति, धर्म, वर्ण, जात,जाति, लिङ्ग, शारीरिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन। उपधारा(३) राज्यले नागरिकहरुका बीच उत्पति, धर्म, वर्ण, जात,जाति, लिङ्ग, शारीरिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन। तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका अन्य वर्ग लगायत बालबालिकाको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन
२	धारा २० न्याय सम्बन्धी हक	उपधारा (९) प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ। उपधारा(१०) असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुनेछ।
३	धारा २१ अपराध पिडितको हक	उपधारा(१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाही सम्बन्धी जानकारी पाउने हक हुनेछ। उपधारा(२) अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ।
४	धारा २४ छुवाछुत तथा भेदभाव विरुद्धको हक	उपधारा(१) कुनै पनि व्यक्तिलाई निजको उत्पति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन।

क्र.स.	मौलिक हकहरु	प्रावधानहरु
५	धारा २६ स्वतन्त्रताको हक	उपधारा (१) धर्मा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता छ।
६	धारा २७ को सूचनाको हक	प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ।
७	दारा २९ को शोषण विरुद्धको हक	उपधारा (१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्दको हक हुनेछ। उपधारा (२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन। उपधारा(३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन। उपधारा (४) कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन। तर सार्वजनिक प्रयोजनको लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन। उपधारा (५) उपधारा(३) र (४) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।
८	धारा ३० स्वच्छ वातावरणको हक	उपधारा (१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ।
९	धारा ३१ शिक्षा सम्बन्धी हक	उपधारा(१) प्रत्येक नागरिकलाई आधारभुत शिक्षामा पहुँचको हक हुनेछ। उपधारा(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ। उपधारा(३) अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुनेछ। उपधारा(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथआ बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका

क्र.स.	मौलिक हकहरु	प्रावधानहरु
		नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ। उपधारा (५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।
१०	धारा ३२ भाषा तथा संस्कृतिको हक	उपधारा(१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ। उपधारा(२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ।
११	धारा ३३ रोजगारीको हक	उपधारा(१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ
१२	धारा ३५ स्वास्थ्य सम्बन्धी हक	उपधारा(१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिनेछैन । उपधारा(२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ । उपधारा(३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ। उपधारा (४)प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ।
१३	धारा ३९ बालबालिकाको हक	उपधारा(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ। उपधारा(२)प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ । उपधारा (३)प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ। उपधारा(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइनेछैन ।

क्र.स.	मौलिक हकहरु	प्रावधानहरु
		उपधारा(५)कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन । उपधारा(६)कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन । उपधारा(७)कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइनेछैन। उपधारा(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ । उपधारा(९)असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ । उपधारा(१०)उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

स्रोतः नेपालको संविधान

नेपालको संविधानको भाग - ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी व्यवस्थाहरू गरिएको छ, जसमध्ये बालबालिका र बाल अधिकारसँग सम्बन्धित संवैधानिक नीतिगत व्यवस्थाहरू देहाय बमोजिम रहेका छन्:-

तालिका-२ नेपालको संविधानमा उल्लेखित बालबालिका सम्बन्धी नीतिगत व्यवस्थाहरू

क्र.स.	राज्यका नीतिहरू	**प्रावधानहरु**
१.	धारा ५१ (ञ) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति	१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, २) शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, ३) उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने, ४) नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने, ५) नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने, ६) गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सरल र समान पहुँच सुनिश्चित गर्ने, ७) नेपालको परम्परागत चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेदिक, प्राकृतिक चिकित्सा र होमियोप्याथिक लगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्द्धन गर्ने, ८) स्वास्थ्य क्षेत्रमा राज्यले लगानी अभिवृद्धि गर्दै यस क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, ९) स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिँदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या वृद्धि गर्दै जाने, १०) नेपालको क्षमता र आवश्यकताका आधारमा जनसंख्या व्यवस्थापनका लागि परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ शिशु मृत्युदर घटाई औसत आयु बढाउने, ११) अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने, १२) कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य

क्र.स.	राज्यका नीतिहरू	**प्रावधानहरु**
		सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने, १३) आधारभूत वस्तु तथा सेवामा सबै नागरिकहरूको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएका क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनाबद्ध आपूर्तिको व्यवस्था गर्ने, १४) यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने, १५) नागरिकलाई स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने।
२	धारा ५१ (झ) श्रम र रोजगार सम्बन्धी नीति	(३) बालश्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने।
३	धारा ५१ (ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति	४) बालबालिकाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने, ५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने, १२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपमा विपन्नलाई प्राथमिकता प्रदान गर्ने।

१.२ बालबालिका सम्बन्धी ऐन, २०७५

बालबालिका सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ जारी भएको छ। नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरिसकेपछि मौलिक हकको कार्यान्वयन तथा नेपालले बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय स्तरमा दर्शाएको प्रतिबद्धतालाई कार्यान्वयन गर्न बालबालिका सम्बन्धी ऐन २०४८ मा समय सापेक्षिक सुधार गरी बालबालिका सम्बन्धी ऐन, २०७५ जारी गरिएको हो । यस ऐनमा संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को मूलभूत सिद्धान्त र विषयगत चार आयामहरु (बचावट, संरक्षण, विकास र सहभागिता) समेटिएका छन् ।

बालबालिका सम्बन्धी ऐन, २०७५ बालबालिकाको अधिकार तथा हक हित सूनिश्चिताको लागि व्यवस्था गरेको प्रावधानहरु तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ३: बालबालिका सम्बन्धी ऐन, २०७५ उल्लेखित बालबालिका सम्बन्धी नीतिगत व्यवस्थाहरू

क्र.स.	परिच्छेद	प्रावधानहरु
१	परिच्छेद २: बाल अधिकार	दफा ३: बाँच्न पाउने अधिकार
		दफा ४: नाम, राष्ट्रियता र पहिचानको अधिकार
		दफा ५: भेदभाव विरुद्धको अधिकार
		दफा ६: बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकार
		दफा ७: संरक्षणको अधिकार
		दफा ८: सहभागिताको अधिकार
		दफा ९: अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार
		दफा १०: संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार
		दफा ११: गोपनीयताको अधिकार
		दफा १२: अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार
		दफा १३: पोषण तथा स्वास्थ्यको अधिकार
		दफा १४: खेलकुद, मनोरञ्जन तथा साँस्कृतिक अधिकार
		दफा १५: शिक्षाको अधिकार
२	परिच्छेद ३: बालबालिका प्रतिको दायित्व	दफा १६: बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने
		दफा १७: परिवार वा संरक्षकको दायित्व

क्र.स.	परिच्छेद	प्रावधानहरु
		दफा १८: राज्यको दायित्व
		दफा १९: सञ्चार क्षेत्रको दायित्व
३	परिच्छेद ४: बाल न्याय	बाल न्याय सम्बन्धी विभिन्न प्रावधानहरू समावेश गरिएका छन्।
४	परिच्छेद ५: विशेष संरक्षण र पुनःस्थापना	दफा ४८: विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको समूह
		दफा ४९: वैकल्पिक हेरचाहको व्यवस्था
		दफा ५०: बालबालिकाको संरक्षण
		दफा ५१: संरक्षक नियुक्त गर्ने वा तोक्ने
		दफा ५२: बालगृहको स्थापना तथा सञ्चालन
		दफा ५७: बाल संरक्षण सम्बन्धी मापदण्ड
५	परिच्छेद ६: संस्थागत व्यवस्था	दफा ५९: राष्ट्रिय बाल अधिकार परिषद्
		दफा ६०: प्रदेश र स्थानीय तहको बाल अधिकार समिति
		दफा ६१: बाल कल्याण अधिकारी
		दफा ६२: समाजसेवी तथा बाल मनोविज्ञ
		दफा ६३: बाल कोष
		बालबालिकाको अधिकार तथा निजप्रतिको दायित्वको संरक्षण र प्रचलन सम्बन्धी प्रावधानहरू।
६	परिच्छेद ८: कसूर	बालबालिका विरुद्धका कसूर सम्बन्धी प्रावधानहरू।
७	परिच्छेद ९: सजाय र क्षतिपूर्ति	सजाय, क्षतिपूर्ति तथा मुद्दा हेर्ने अधिकारी सम्बन्धी प्रावधानहरू।
८	परिच्छेद १०: विविध (बालबालिकाको कर्तव्य)	दफा ७७: बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु तथा सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुनेछ।

१.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तहबीचको सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सहज, सुलभ र गुणस्तरीय सेवा प्रवाह

गर्ने लगायत स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तर्जुमा गरिएको छ । यस ऐनले बालबालिकाका लागि आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई लगायत बाल संरक्षणसँग सम्बन्धित विविध विषयगत पक्षहरुमा स्थानीय सरकारका अङ्गहरुले गर्नुपर्ने कार्यहरुलाई समावेश गरेको छ ।

१.३.१ बालअधिकार सम्बन्धी महासन्धि अन्तर्गतका इच्छाधिन आलेखहरु र नेपालको प्रतिवेदन

संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ अन्तर्गत देहायका तीनवटा इच्छाधिन आलेखहरु पनि जारी भएका छन् ।

१) सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता सम्बन्धी इच्छाधिन आलेख, २०००
२) बालबालिकाको बेचबिखन, यौनशोषण र अश्लील चित्रण सम्बन्धी इच्छाधिन आलेख, २०००
३) बाल अधिकार हननको उजुरीबारे सञ्चार कार्यविधि सम्बन्धी इच्छाधिन आलेख, २०११

उपर्युक्त इच्छाधिन आलेखहरुमध्ये नेपालबाट बाल अधिकार हननको उजुरीबारे सञ्चार कार्यविधि सम्बन्धी इच्छाधिन आलेख, २०११ लाई अनुमोदन गर्न बाँकी छ । नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय महासन्धि र सो अन्तर्गतका इच्छाधिन आलेखहरुका प्रावधानहरुको परिपालना गर्नु राज्यका सबै अङ्गहरुको दायित्व हुन्छ ।

नेपाल सरकारले संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई अनुमोदन गरेपछि महासन्धिको धारा ४४ बमोजिम सदस्य राष्ट्रको हैसियतले हरेक पाँच वर्षमा पठाउनु पर्ने प्रतिवेदन एकै पटक तेश्रो, चौथो र पाँचौ संयुक्त प्रतिवेदन सन् २०१२ मा बुझाएको थियो । सो प्रतिवेदन माथिको छलफल सन् २०१६ को मे महिना (२०७३ जेठ ४ देखि २१ गतेसम्म) मा संयुक्त राष्ट्र संघको बाल अधिकार समितिको बहत्तरौं सत्रमा सम्पन्न भएको थियो । उक्त समितिले राज्यले बालबालिकाको आवश्यकतालाई सम्बोधन गर्न परिचालन गर्दै आएको बजेट सीमित भएको टिप्पणी गर्दै बालबालिकाको सर्वोत्तम हित समेटिने गरी विद्यमान बालबालिका सम्बन्धी ऐनमा सुधार गर्न समेत सुझाव दिएको छ । समितिले बालबालिकालाई परिवार, विद्यालय वा अन्य संस्थाहरुमा शारीरिक दण्ड दिने वा दुर्व्यवहार गर्ने परिपाटीको अन्त्य गर्न कानूनी व्यवस्था गर्नुपर्ने लगायतका थुप्रै सिफारिस गरेको छ ।

संयुक्त राष्ट्र संघमा नेपालले पठाएको बालबालिका सम्बन्धी महासन्धिको तेस्रो, चौथो र पाँचौ आवधिक राष्ट्रिय प्रतिवेदन तथा इच्छाधिन आलेखहरुको प्रतिवेदन माथि बाल अधिकार समितिले गरेको समापन टिप्पणीहरु समेटेर केन्द्रीय बाल कल्याण समितिले

पुस्तक प्रकाशन गरेको छ । नेपालको संविधान २०७२ मा बाल अधिकारका विषयहरु समावेश भएकोमा प्रशंसा गरेको छ । समापन टिप्पणीमा मुख्यतयाः बाल अधिकार सम्बन्धी महासन्धिमा समावेश गरिएका बालबालिकाको परिभाषा, परिचय, विभेद तथा हिंसा, सर्वोत्तम हित, बालबालिकाको विचारको कदर, बालबालिका विरुद्धका हिंसा र क्रुर यातना, दुर्व्यवहार र बेवास्ता, यौनशोषण तथा दुर्व्यवहार, हानिकारक अभ्यासजस्ता विषयमा केन्द्रित भई सुधारात्मक उपाय अपनाउनु पर्ने लगायत बालबालिका सम्बन्धी खण्डीकृत सूचना व्यवस्थापनको विषयलाई प्राथमिकता दिइएको छ ।

१.२. बालबालिका सम्बन्धी राष्ट्रिय नीति, योजना तथा कार्यक्रमगत व्यवस्था

१.२.१ योजना तथा कार्ययोजना

नेपाल सरकारले संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई अनुमोदन गरे पछि आठौं योजनादेखि बालबालिकाको विषयलाई प्राथमिकताका साथ समावेश गर्दै आएको छ। बालबालिका सम्बन्धी छुट्टै कार्ययोजना तर्जुमा गर्ने क्रममा नेपाल सरकारले बालबालिका सम्बन्धी प्रथम कार्य योजनाको रुपमा सन् १९९० को दशकको लागि बालबालिका सम्बन्धी राष्ट्रिय कार्ययोजना र दोस्रो कार्य योजनाको रुपमा सन् २००४-२०१४ को लागि दश वर्षे कार्ययोजना तयार गरी लागू गरिसकेको छ । तेस्रो कार्ययोजना तयारी क्रममा रहेको छ। यस अतिरिक्त शिक्षा, स्वास्थ्य, किशोरकिशोरी लगायत मानव ओसारपसार सम्बन्धी राष्ट्रिय कार्ययोजनाहरु कार्यान्वयनमा रहेका छन् ।

१.२.२ दिगो विकासका लक्ष्य र बालबालिका

गरिबी, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा समान रूपमा पाउन नसक्न, पोषण तथा खाद्य पदार्थको सुरक्षामा कमी, बालविवाह, बालश्रम, यौनजन्य हिंसा, घरेलु हिंसा, लैंगिक विभेद, मानव बेचबिखन, ठुलो सख्यामा बालबालिका आफ्ना परिवारभन्दा बाहिर हुनु, सडक बालबालिका, बालबालिकासम्वन्धी सूचनाको कमी प्राकृतिक प्रकोपको जोखिम आदि नेपाली बालबालिकाका मुख्य समस्या र सवाल हुन् । त्यसै गरी बालबालिकाको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारलाई विकास प्रक्रियामा कसरी समाहित गर्ने भन्ने नै दिगो विकास लक्ष्यका प्रमुख सवाल हुन् । दिगो विकासको एजेण्डा हाम्रो साझा एजेण्डा हो । साझा एजेण्डा भएको हुँदा यसको सफल र प्रभावकारी कार्यान्वयनको लागि स्वयम् बालबालिका र बालअधिकार क्षेत्रमा कार्यरत निकायहरूको निरन्तर, सक्रिय र अर्थपूर्ण सहभागिता हुनु जरुरी छ । साथै, दिगो विकास एजेण्डाले योजना तर्जुमा कार्यक्रम तथा बजेट निर्माणको सबै तहमा सहभागिता बढाउनु जरुरी छ ।

बालबालिका सम्बन्धित दिगो विकासका लक्ष्यहरु निम्नानुसार रहेका छन्। दिगो विकास लक्ष्यमा बालबालिकाका विषय अन्तरसम्बन्धित रहेका छन् जुन देहाय बमोजिम रहेका छन्:

- **लक्ष्य नं. १ (No Poverty)** — गरिबी अन्त्य, सामाजिक सुरक्षा विस्तार, बाल गरिबी घटाउने।
- **लक्ष्य नं. २ (Zero Hunger)** — बालबालिकाको पोषण सुधार, कुपोषण (stunting, wasting) कम गर्ने।

- **लक्ष्य नं. ३ (Good Health and Well-Being)** — नवजात मृत्यु दर, बाल मृत्यु दर, स्वास्थ्य सेवामा पहुँच सुधार।
- **लक्ष्य नं. ४ (Quality Education)** — सबै बालबालिकालाई गुणस्तरीय र समावेशी शिक्षा, प्रारम्भिक बालविकास (ECD) पहुँच ।
- **लक्ष्य नं. १६ (Peace, Justice and Strong Institutions)** — बाल हिंसा, तस्करी, शोषण विरुद्ध सहि कानुनी संरचना, हिंसा घटाउने।
- अन्य **लक्ष्य**हरू पनि अप्रत्यक्ष रूपमा बालबालिकाका अधिकारसँग सम्बन्धित छन् जस्तै **लक्ष्य नं. ५** (Gender Equality), **लक्ष्य नं. ६** (Clean Water & Sanitation), आदि।

दिगो विकास लक्ष्य अन्तर्गत स.न. २०३० सम्ममा शिक्षा क्षेत्रमा महिला र पुरुष बिच विभेदको अन्त्य गर्ने र जोखिम अवस्थाका बालबालिकाको सबै तहका शिक्षा र व्यावसायिक तालिम समान रुपमा पाउन सक्ने अवस्था सुनिश्चित गर्ने लक्ष्य राखिएको छ । बालबालिका, अपाङ्गता र लैङ्गिक संवेदनशील हुँदै शिक्षा सुविधाको विकास र स्तरोन्नती गर्ने र सबैलाई सुरक्षित, अहिंसा समावेशी र प्रभावकारी शैक्षिक वातावरणको निर्माण गर्ने कुरा उल्लेख गरिएको छ । बाल सैनिक लगायत सबैखाले अत्यन्त तल्लो स्तरको बाल श्रम उन्मुलन गर्ने लक्ष्य राखिएको छ । बाल हिंसाको विषयमा बालबालिकाको ओसार पसार यौनजन्य हिंसा लगायत सबैखाले शोषणहरू सार्वजनिक र निजी क्षेत्रमा बालबालिका विरुद्ध हुने हिंसा उन्मुलन गर्ने लक्ष्य राखिएको छ ।सन २०३० सम्ममा सबैलाई सुरक्षित, यातायात सेवा, उपलब्ध गराउने, जोखिम अवस्थामा रहेका महिला बालबालिका, फरक क्षमता भएका र जेष्ठ नागरिकहरूको आवश्यकतामा विशेष ध्यान दिने उल्लेख गरिएको छ ।दिगो विकास एजेण्डाले सबै लक्ष्यहरू र सबै उपलक्ष्यहरू एकीकृत टुक्राउन नसकिने र परस्पर सम्बन्धित विषयको रूपमा स्वीकार गरिएको छ । यस प्रक्रियाबाट चाहे वर्तमान पुस्ता होस चाहे भविष्यको पुस्ता होस सबैले लाभ लिन सकेको हुनु पर्ने उल्लेख गरिएको छ ।

१.२.३ राष्ट्रिय बालबालिका नीति, २०८०

संघीयताको कार्यान्वयनसँगै बालबालिकाको विषय सम्बोधन गर्न संघ, प्रदेश र स्थानीय तहमा विभिन्न संयन्त्रहरुको व्यवस्था भएको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्दता र शासकीय संरचनाको परिवर्तनसँगै बाल अधिकार संरक्षण र संवर्द्धनमा नवीनतम सवालहरुलाई अझ बढी संवेदनशील र परिणाममूखी बनाउन राष्ट्रिय बालबालिका नीति, २०८० लागू गरिएको छ।

दीर्घकालीन सोच

बाल अधिकार सुनिश्चित बालमैत्री राष्ट्र निर्माण।

सोचको परिदृश्य

बालबालिकाको अधिकारको सुनिश्चितताका लागि आर्थिक र सामाजिक रुपान्तरण गर्दै बालमैत्री वातावरण कारम गरी बालबालिकालाई सक्षम र योग्य नागरिकको रुपमा तयार गर्ने।

लक्ष्य

प्रत्येक बालबालिकाको उच्चतम हितलाई ध्यानमा राख्दै सर्वाङ्गीण विकास तथा अधिकारको सम्मान, संरक्षण र प्रवर्धन गर्ने

उद्धेश्य

९.१ बाल अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्नु।

९.२ बालमैत्री वातावरण सिर्जना गर्नु।

९.३ बालबालिका विरुद्द हुने शारीरिक र मानसिक लगायतका सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्नु।

नीति

१०.१ बाल अधिकार सुनिश्चितताका लागि बाल अधिकार विषयलाई मूलप्रवाहीकरण गर्दै कानूनी, नीतिगत एवं संरचनागत व्यवस्था सुदृढ गर्ने । (९.१)

१०.२ परिवार, समुदाय, संस्थागत तथा शासकीय तहमा बाल सहभागिता प्रवर्द्धन गर्ने । (९.२)

१०.३ सबै बालबालिकाको लागि पोषण, प्रारम्भिक बाल विकास, शिक्षा, स्वास्थ्य, खेलकुद तथा समग्र व्यक्तित्व विकासको वातावरण निर्माण गर्ने । (९.२)

१०.४ विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा जोखिममा परेका बालबालिकाको संरक्षण गर्ने । (९.३)

रणनीति

११.१ बालबालिका सम्बन्धी कानूनलाई आवश्यकता अनुसार सामयिक परिमार्जन वा नयाँ कानून तर्जुमा गरी तिनको प्रभावकारी कार्यान्वयन गर्ने । (नीति-१०.१)

११.२ संघ, प्रदेश र स्थानीय तहमा बाल अधिकार, बाल संरक्षण तथा बाल न्याय सम्बन्धी संस्थागत संरचना तथा संयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गर्ने। (नीति१०.१)

११.३ विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका, हिंसा तथा दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने ।(नीति-१०.२)

११.४ जोखिममा रहेका बालबालिकालाई जोखिम न्यूनीकरणका लागि सचेतना तथा उपलब्ध सेवा सुविधामा बालबालिकाको पहुँच बढाउने । (नीति-१०.२)

११.५ धर्म, संस्कृति तथा परम्पराको नाममा हुने हरेक प्रकारका हानिकारक अभ्यासहरूको अन्त्य गर्ने । (नीति-१०.२)

११.६ बालबालिकालाई हुने शारीरिक दण्ड सजाय, विद्युतीय माध्यमबाट हुने दुर्व्यवहार, बाल श्रम, ओसारपसार तथा बेचबिखनको अन्त्य गर्न संघ, प्रदेश, स्थानीय तह र समुदायका सरोकारवाला समेतलाई सशक्त बनाउँदै प्रतिकार्य र सचेतना अभिवृद्धि गर्ने । (नीति-१०.२)

११.७ बालबालिकाको समग्र व्यक्तित्व विकासका लागि संरचनागत तथा सेवा प्रवाहमा सुधारका लागि सम्बद्ध निकाय तथा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने। (नीति-१०.३)

११.८ बालबालिकासँग सरोकार राख्ने कार्य तथा निर्णय गर्दा बालबालिकाको सहभागिता र विचारको सुनुवाइ हुने व्यवस्था गर्ने । (नीति-१०.४)

११.९ बालबालिकाको सर्वोत्तम विकासका लागि पोषण योजना कार्यान्वयन गरी कुपोषण न्यूनीकरण गर्ने । (नीति-१०.३)

१.२.४ बालबालिका सम्बन्धी प्रादेशिक नीति, कानून र संयन्त्रको अवस्थाः

बालबालिकाको हक, हित र अधिकारको लागि कोशी प्रदेशले विभिन्न कानूनी तथा नीतिगत व्यवस्थाहरु गरेको छ। संघीय ऐन तथा कानूनी व्यवस्थाहरुको परिपूरक हुने गरी कोशी प्रदेश सरकारद्धारा बालबालिकाको क्षेत्रमा गरिएका **कानूनी तथा नीतिगत प्रयासहरु** तल चर्चा गरिएको छ।

१. कोशी प्रदेश बालबालिका संरक्षण ऐन, २०७७

२. प्रदेश घरेलु हिंसा सम्बन्धी ऐन, २०७५

३. कोशी प्रदेश बालबालिका संरक्षण नियमावली, २०८०

४. प्रदेश घरेलु हिंसा सम्बन्धी नियमावली, २०७५

५. कोशी प्रदेश जनस्वास्थ्य नियमावली, २०८२

६.सामाजिक समावेशीकरण नीति, २०७९

७. कोशी प्रदेश लैङ्गिक समानता नीति, २०७९

८. दीर्घकालीन पुनःस्थापना गृह सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७

९. किशोरी सशक्तीकरण कार्यक्रम सञ्चालन निर्देशिका, २०७९

१०. अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन निर्देशिका, २०७६

११. संरक्षण कोष (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०७७

१२. सक्षम छोरी कार्यक्रम सञ्चालन नमूना कार्यविधि, २०८३

१३. कोशी प्रदेशको बालविवाहविरुद्धको प्रादेशिक रणनीति, २०७९।८०-२०८३।८४

१४. किशोरी सशक्तीकरण कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८३

१५. सहयोगापेक्षी सडक आश्रीत मानव र सडक बालबालिका मुक्त जिल्ला घोषणा कार्यक्रम सञ्चालन मार्गदर्शन पुस्तिका, २०८३

१६. अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम (सञ्चालन) मार्गदर्शन, २०८३

१.२.५ प्रदेशको आवधिक योजनामा बालबालिका

कोशी प्रदेशको दोस्रो आवाधिक योजना (२०८१।८२-०८५।८६) मा बालबालिकाहरुको विषयलाई प्राथमिकता दिईएको छ । आवधिक योजनाको परिच्छेद ६ को सामाजिक क्षेत्र अन्तर्गत वुँदा नं। ६.७ मा बालबालिकाको विषयमा उल्लेख गरिएको छ।जसको सोच, लक्ष्य उद्धेश्य रणनीति तथा कार्यनीतिहरु निम्नानुसार रहेका छन ।

क्षेत्रगत सोच

बालमैत्री समाज निर्माण

लक्ष्य

बालबालिका र किशोर किशोरीका अधिकारको संरक्षण र प्रवर्धन गर्ने

उद्धेश्य

१।बालबालिका र किशोर किशोरीका अधिकारको संरक्षण र प्रवर्द्धन गरी बालमैत्री प्रदेशको स्थापना गर्नु ।

२। बालबालिका र किशोर किशोरी उपर हुने सबै प्रकारका भेदभाव, शोषण, हिंसा, उपेक्षा र दुर्व्यवहारको अन्त्य गर्नु ।

रणनीति

१. बालअधिकार सम्बन्धी संस्थागत संरचना तथा संयन्त्रलाई प्रभावकारी रुपमा परिचालन गर्ने।
२. विशेष संरक्षणको आवश्यकता भएका, हिंसा तथा दुर्व्यवहार पीडित बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने।
३. धर्म, संस्कृति तथा परम्पराको नाममा हुने अन्धविश्वास तथा कुरीतिको अन्त्य गर्ने।

कार्यनीति

१. बालअधिकार संरक्षण र संवर्धनका लागि संघ र प्रदेशमा कार्यरत जनशक्तिमा साथै स्थानीय तहका बाल कल्याण अधिकारी, बाल मनोविज्ञ तथा प्रोवेशन अधिकारी र बाल अधिकारको क्षेत्रमा कार्य गर्ने संस्थाको क्षमता अभिवृद्धि गरिनेछ।
२. बालबालिका खोजतलास सेवा १०४ र बाल हेल्पलाइन सेवा १०९८ को प्रभावकारी परिचालनका लागि सहजीकरण गरिनेछ।
३. बालबालिकाका क्षेत्रमा काम गर्ने गैरसरकारी तथा सामाजिक संस्थालाई बालअधिकार संरक्षण र प्रवर्धन गर्ने कार्यमा प्रभावकारी रुपमा परिचालन गरिनेछ।
४. बालबालिकाको सर्वाङ्गीण विकासका लागि बाल सहभागिता विकासका नीति तथा कार्यक्रम तर्जुमा र सञ्चालन गरिनेछ।
५. विपन्न तथा सीमान्तकृत परिवारमा छोरी बिमा कार्यक्रम लागू गरिनेछ।
६. सडक बालबालिका उद्धार तथा पुनर्स्थापना कार्यक्रम लागू गरिनेछ।
७. हिंसा, दुर्व्यवहारपीडित तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका र किशोरकिशोरीलाई तत्काल उद्धार, संरक्षण, राहत, क्षतिपूर्ति तथा व्यवस्थापन र उपचार सहायता लगायतका सेवा सुविधाको व्यवस्था गरिनेछ।
८. विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका र हिंसा तथा दुर्व्यवहारमा परेका बालबालिकाको संरक्षण व्यवस्थापनका लागि सहजीकरण गरिनेछ।
९. सडक बालबालिका, बालश्रमिक, लागूऔषध र अन्य दुर्व्यसनमा लागेका बालबालिकाको पुनर्स्थापनाका लागि समन्वय तथा सहकार्य गरी निरोधात्मक, उपचारात्मक, मनोविमर्शात्मक विधिका साथै पुनर्स्थापना, शिक्षा र सीपमूलक तालिम सञ्चालन गरिनेछ।
१०. बालविवाह लगायत परम्पराका नाममा हुने गलत अभ्यासको अन्त्यका लागि प्रदेश तथा अन्य सरोकारवाला निकायको प्रभावकारी परिचालन गरिनेछ।
११. बाल विवाहलाई नियन्त्रण गर्न विद्यालयस्तरमा किशोर किशोरी सशक्तीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१.२.६ कोशी प्रदेश सरकारको आ.व.२०८३।८४ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा बालबालिका

कोशी प्रदेश सरकारले प्रत्येक आर्थिक वर्ष वार्षिक नीति तथा कार्यक्रम निर्धारण गरी सोही नीति तथा कार्यक्रम कार्यान्व्यनका लागि आवश्यक बजेट विनियोजन गर्दै आएको छ। आर्थिक वर्ष २०८३।८४ को प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा बालबालिका सम्बन्धी समेटिएका विषयहरु तलको तालिकामा प्रस्तुत गरिएको छः-

तालिका नं. ४: आर्थिक वर्ष २०८३।८४ को प्रदेश सरकारको नीति तथा कार्यक्रममा बालबालिका सम्बन्धी समेटिएका विषयहरु

बुँदा नं.	नीति तथा कार्यक्रम
८३	किशोरीको सर्वाङ्गीण विकासका लागि **"किशोरी सशक्तीकरण तथा आत्मरक्षा"** अभियानलाई स्थानीय तहमा विस्तार गरिने छ। साक्षरता दर न्यून भएका सीमान्तकृत समुदायका छोरीको शिक्षामा पहुँच बढाउँदै आर्थिक, सामाजिक र शैक्षिक विकासका लागि **"सक्षम छोरी"** कार्यक्रमलाई निरन्तरता दिइने छ।
८४	महिला, बालबालिका, ज्येष्ठ नागरिक, आदिवासी जनजाति, लोपोन्मुख, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, दलित, संरक्षणविहीन, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, एकल महिला, मधेसी, थारु, मुस्लिम लगायत पछाडि परेका समुदायको संरक्षण, पुनर्स्थापना र आर्थिक सशक्तीकरणका लागि कार्यक्रम सञ्चालन गरिने छ।
८५	अपाङ्गता भएका व्यक्तिको अधिकार र सम्मानका लागि **"अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम"** एवम् बहिरा तथा स्वर-बोलाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिको लागि सांकेतिक भाषा र प्रविधिको विस्तार गरिने छ।
८६	बौद्धिक अपाङ्गता एवम् अटिजम भएका बालबालिकाका लागि सरोकारवाला निकायसँगको सहकार्यमा आवश्यक सेवासहितको स्रोतः कक्षा विस्तार गरिने छ।
८७	लैङ्गिक हिंसा र मानव बेचबिखनविरुद्ध **"शून्य सहनशीलता"** को नीति अवलम्बन गर्दै पीडितको उद्धार र पुनर्स्थापनाको व्यवस्था मिलाइनेछ। सडक बालबालिका र सहयोगापेक्षी सडक मानवमुक्त प्रदेशको अभियानलाई निरन्तरता दिइने छ।

तालिका नं. ५ : आर्थिक वर्ष २०८३।८४ को कोशी प्रदेश सरकारको बजेट वक्तव्यमा बालबालिका सम्बन्धी समेटिएका विषयहरु

बुँदा नं.	नीति तथा कार्यक्रम
८२	किशोरीको शारीरिक तथा मानसिक विकासलाई लक्षित गर्दै "किशोरी सशक्तिकरण तथा आत्मरक्षा" अभियानलाई निरन्तरता दिदै सीमान्तकृत समुदायका छोरीलाई शिक्षाको मूलधारमा जोडी आर्थिक तथा सामाजिक रुपान्तरण गर्न "सक्षम छोरी" कार्यक्रमको निरन्तरताका लागि रु ७ करोड बजेट विनियोजन गरिएको छ। यसबाट १२५२ बटा सामुदायिक विद्यालयका करिब २ लाख ७५ हजार छात्रा लाभान्वित हुनेछन्।
८३	राज्यको मूलधारबाट पछाडि परेका वा पारिएका महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम, लोपोन्मुख र सीमान्तकृत समुदाय, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्य, एकल महिला र संरक्षणबिहीनको संरक्षण, पुनःस्थापना तथा आर्थिक सशक्तिकरणका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ।
८४	अपाङ्गता भएका व्यक्तिको अधिकार, सम्मान र पूर्ण सहभागिताको लागि हाल सञ्चालित "अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम" लाई सबै स्थानीय तहमा आन्तरिकीकरण गरिएको छ। श्रवणशक्तिविहीन तथा स्वर-बोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिको सार्वजनिक सेवा, सूचना र न्यायमा सहज पहुँच सुनिश्चित गर्न र साङ्केतिक भाषाको अधिकार प्रवर्द्धन गर्न रु. १६ करोड ५० लाख बजेट विनियोजन गरिएको छ।
८५	बौद्धिक अपाङ्गता तथा अटिजम भएका बालबालिकाका लागि स्थानीय तहसँगको लागत साझेदारीमा आवश्यक सेवासहितको स्रोतः कक्षाको निरन्तरताका लागि रु १ करोड बजेट विनियोजन गरिएको छ।

१.२.७ प्रादेशिक/स्थानीय संयन्त्रः

१.२.७.१. सामाजिक विकास मन्त्रालय

संघीय संरचनालाइ मूर्तरुप दिने उद्धेश्यले नेपालको सविधानको मार्गदर्शन एवम् संविधानको अनूसूची -६, अनूसूची -७ र अनूसूची -९ मा उल्लेखित एकल र साझा अधिकारका विषयहरुको आधार साथै प्रदेश सरकार कार्यविभाजन नियमावली २०७४ (संसोधन २०७९) बमोजिमका कार्यहरु सम्पादन गर्न मिति २०७४।११।३ मा प्रदेश सामाजिक

विकास मन्त्रालयको गठन भई प्रदेशको शिक्षा, खेलकुद, युवा तथा खेलकुद, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, सामाजिक सुरक्षा, जाति, धर्म, भाषा, संस्कृति, कला, ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका स्थल, प्रचीन स्मारक, संग्रहालय व्यवस्थापन र श्रम तथा रोजगारीको प्रवर्धन सम्बन्धी नीति निर्माण गर्ने, योजना तर्जुमा गर्ने, कार्यक्रम कार्यान्वयन गर्ने आयोजनाहरुको सञ्चालन, एवं नियमन र व्यवस्थापन गरी प्रदेशलाइ समृद्द बनाउने उद्देश्यले सामाजिक विकास मन्त्रालय स्थापना भएको हो । यस मन्त्रालयद्धारा सेवा प्रवाह गर्न ५ वटा महाशाखा र यसअन्तर्गत ११ वटा शाखाहरू रहेका छन। बालबालिका सम्बन्धी विषय **सामाजिक विकास महाशाखा**मार्फत सम्बोधन हुँदै आएको छ।

१.२.७.२. प्रदेश बालअधिकार समिति

बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा ६० मा प्रत्येक प्रदेश तथा सबै स्थानीय तहहरुमा बालबालिकाको हक हित र अधिकारको संरक्षण र प्रवर्द्दनका लागि बाल अधिकार समिति गठन गरी परिचालन गर्नुपर्ने, सो का लागि कानून निर्माण गर्नुपर्ने व्यवस्था गरेको छ। यसैगरि दफा ६१ मा प्रत्येक स्थानीय तहमा बाल कल्याण अधिकारी तोकिनु पर्ने व्यवस्था गरेको छ।

उल्लेखित व्यवस्थाको कार्यान्वयनका लागि कोशी प्रदेश बालअधिकार संरक्षण ऐन, २०७७ जारी भएको छ भने सोही ऐन बमोजिम कोशी प्रदेश सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीज्यूको संयोजकत्वमा प्रदेश बाल अधिकार समितिको गठन भई क्रियाशील भएको छ। प्रदेश बाल अधिकार समितिको संरचना तथा सदस्यहरुको विवरण अनुसूची-१ मा प्रस्तुत गरिएको छ।

१.२.७.३. सामाजिक विकास समिति

कोशी प्रदेश सभा अन्तर्गत रहेका विभिन्न संसदीय समितिहरूमध्ये **सामाजिक विकास समिति** एक महत्वपूर्ण समिति हो। संसदीय समितिले संसदका गतिविधिहरूलाई सरल तथा छिटोछरितो तुल्याउनुका साथै सरकारलाई संसदप्रति जिम्मेवार र जवाफदेही बनाउन सहजता प्रदान गर्ने हुँदा यसलाई 'सानो संसद' पनि भन्ने गरिन्छ। यस समितिले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र समावेशीकरणका विषयमा सरकारलाई आवश्यक निर्देशन दिने, अनुगमन गर्ने र नीतिगत सुझावहरू प्रस्तुत गर्ने कार्य गर्दछ।

तालिका नं. ६: सामाजिक विकास समितिका माननीय सदस्यहरु

सि.न.	माननीय सदस्यको नाम	पद
१	मा. गयानन्द मण्डल गनगाई	सभापति

२	मा. इस्राईल मन्सुरी	सदस्य
३	मा. गितादेवी रेग्मी	सदस्य
४	मा. तिलचन पाठक	सदस्य
५	मा. नम्वर लाल धिमाल	सदस्य
६	मा. प्रेमराज थामसुहाङ	सदस्य
७	मां ममता तामाङ मगर	सदस्य
८	मा. यसोदा कायस्थ	सदस्य
९	मा. विद्या चाम्लिङ्ग राई	सदस्य
१०	मा. शो चेम्जोङ	सदस्य
११	मा. सपना दर्जी	सदस्य
१२	मा. राजेन्द्र कार्की	सदस्य

१.२.७.४. स्थानीय तहहरुमा बालसंरक्षण प्रणाली

बालबालिका सम्बन्धी ऐन, २०७५ ले नेपालमा बालसंरक्षण प्रणाली नेपालको शासकिय प्रणाली अनुरुपको नै प्रवन्ध गरेको छ जसमा बालअधिकारको कार्यन्वयन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहको रहने गरी स्थानीय तहमा विभिन्न संरक्षण संयन्त्रहरुको व्यवस्था गरेको छ।

१.२.७.४.१ बालकल्याण अधिकारी

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ र बालबालिका सम्बन्धी नियमावलीको नियम ८१ ले सबै स्थानीय तहहरुमा बालबालिकाको हक हित संरक्षण सम्वर्दन र प्रवर्द्धन गर्न बालकल्याण अधिकारी व्यवस्था गर्नु पर्ने प्रवन्ध गरेको छ। नियमावलीको नियम ८१(१) मा स्थानीय तहहरुमा बालकल्याण अधिकारी नियुक्त गर्ने व्यवस्था गरिएको छ भने नियमावलीको नियम ८१(४) मा बाल कल्याण अधिकारी नियुक्त नभए सम्मको अवस्थामा स्थानीय तहमा बालबालिका शाखामा कार्यरत कर्मचारीलाई तोक्न सकिने व्यवस्था गरिएको छ।

कोशी प्रदेशको १३७ स्थानीय तहहरुमध्ये हाल सम्म १३१ स्थानीय तहहरुमा बालकल्याण अधिकारीको व्यवस्था गरिएको छ । कोशी प्रदेशका स्थानीय तहमा नियुक्त तथा तोकिएका बालकल्याण अधिकारीहरुको विवरण अनुसूची-२ मा प्रस्तुत गरिएको छ।

१.२.७.४.२ स्थानीय तहमा बालबालिका सम्वन्धी कार्यविधिको निर्माण

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७(१०) मा सबै स्थानीय तहहरुमा बालबालिका सम्बन्धी कार्यविधि निर्माण भई कार्यान्वयन हुनु पर्ने व्यवस्था गरेको छ।

हालसम्म कोशी प्रदेशमा १३७ स्थानीय तहहरु मध्ये १११ वटा स्थानीय तहहरुमा बालबालिका सम्बन्धी कार्यविधिहरु निर्माण भएको छ।

१.२.७.४.३ स्थानीय बाल अधिकार समिति गठनको अवस्था

बालबालिका सम्बन्धी ऐन, २०७७ को दफा ६० ले स्थानीय तहमा उपाध्यक्ष तथा उपप्रमुखले तोकेको कार्यपालिकाको सदस्यको अध्यक्षतामा स्थानीय बालअधिकार समितिको गठन गर्नुपर्ने कानूनी प्रवन्ध गरिएको छ ।कोशी प्रदेशका १३७ स्थानीय तहहरु मध्ये ९४ स्थानीय तहहरुमा बालअधिकार समिति गठन भएको छ।

१.२.७.४.४ बालकोषको व्यवस्थाः

विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा जोखिममा परेका बालबालिकाको आपत्कालीन उद्धार तथा संरक्षण सेवाका लागि बालबालिका सम्बन्धी ऐनले व्यवस्था गरेको बालकोषको स्थापना कोशी प्रदेशका ६७ वटा स्थानीय तहहरुमा भएका छन्।

१.२.७.४.५ बालमनोविज्ञ र समाजसेवी सुचिकृतको व्यवस्थाः-

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ र बालबालिका सम्बन्धी नियमावलीको नियम ८३ ले सबै स्थानीय तहहरुमा बालबालिकाको हक हित संरक्षण सम्वर्द्धन र प्रवर्द्धन गर्न तथा बालबालिकाको घटनाहरुलाई व्यवस्थापन गर्न स्थानीय तहहरुमा बालमनोविज्ञ र समाजसेवी सूचिकृत गर्ने प्रवन्ध गरिएको यसले बालसंरक्षण सम्बन्धी कार्यमा सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ।

१.२.७.५. एकद्धार संकट व्यवस्थापन केन्द्र

लैङ्गिक हिंसाबाट पीडित बालबालिकाको स्वास्थ्य तथा संरक्षण व्यवस्थापन सेवा, लैंगिक हिंसा सम्बन्धी घटनाहरुको स्वास्थ्य उपचार, प्रमाण संकलन, नजिकको प्रहरी कार्यालयमा अनिवार्य रिपोर्टिङ, आवासीय संरक्षण तथा मनोविमर्श बालबालिका लक्षित लगायतका सेवाहरु प्रदान गर्नका लागि विभिन्न अस्पतालहरुमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र(Hospital based one stop crisis :anage:ent centre OC:C) सञ्चालनमा रहेका छन्। कोशी प्रदेशमा एकद्धार संकट व्यवस्थापन केन्द्र सञ्चालनमा रहेका अस्पतालहरुको सूची तलको तालिकामा प्रस्तुत गरिएको छः-

तालिका नं. ७: एकद्धार संकट व्यवस्थापन केन्द्रहरुको विवरण

सि.न.	अस्पतालको नाम	जिल्ला
१	कोशी अस्पताल, मोरङ, विराटनगर	मोरङ्ग

२	रङ्गेली अस्पताल, मोरङ, रंगेली	मोरङ
३	मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, मोरङ, उर्लाबारी	उर्लाबारी, मोरङ
४	बि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (BPKIHS)	धरान, सुनसरी
५	मेची प्रादेशिक अस्पताल	भद्रपुर, झापा
६	कटारी अस्पताल	उदयपुर
७	इलाम जिल्ला अस्पताल	इलाम
८	ताप्लेजुङ जिल्ला अस्पताल	ताप्लेजुङ
९	पाँचथर जिल्ला अस्पताल	पाँचथर
१०	धनकुटा जिल्ला अस्पताल	धनकुटा
११	तेह्रथुम जिल्ला अस्पताल	तेह्रथुम
१२	भोजपुर जिल्ला अस्पताल	भोजपुर
१३	सङ्खुवासभा जिल्ला अस्पताल	संखुवासभा
१४	खोटाङ जिल्ला अस्पताल	खोटाङ
१५	ओखलढुङ्गा जिल्ला अस्पताल	ओखलढुङ्गा
१६	सोलुखुम्बु जिल्ला अस्पताल	सोलुखुम्बु

१.२.७.६. बाल हेल्पलाइन सेवा १०९८

हिंसा तथा दुर्व्यवहारबाट पीडित तथा प्रभावित र विशेष संरक्षणको आवश्यकता भएका बालबालिककालाई आपतकालीन उद्धार सेवा, बालबालिकाको तत्कालिन आवश्यकता पूरा गर्न जिन्सी राहत सेवा, बालबालिकाको अस्थायी संरक्षण सेवा, मनोसामाजिक परामर्श, स्वास्थ्य तथा कानूनी उपचार र सहायता, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना सेवा लगायतका बाल संरक्षण सम्बन्धी सेवाहरु प्रदान गर्नका लागि बालबालिका सम्बन्धी नियमावलीको नियम ९० ले बाल हेल्पलाइन सेवा (१०९८) को व्यवस्था गरेको छ।
राष्ट्रिय बाल अधिकार परिषद्को प्रतिवेदन अनुसार कोशी प्रदेशका १४ वटै जिल्लामा पहुँच पुग्नेगरी पाँचवटा स्थानबाट बाल हेल्पलाइन सेवा (फोन गर्दा पैसा नलाग्ने निःशुल्क टेलिफोन नं. १०९८) सञ्चालनमा रहेको देखिन्छ।यि सेवाहरुको प्रभावकारीताका लागि कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट अनुदान सहयोग समेत गरिएको छ।कोशी प्रदेशमा सञ्चालनमा रहेका बाल हेल्पलाइन सेवा (१०९८) पहुँच जिल्ला र सञ्चालन अनुमति प्राप्त संस्थाहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः-

तालिका नं. ८: कोशी प्रदेशमा रहेका बालहेल्पलाइन सेवाको विवरण

सि. न	बाल हेल्पलाइन रहेको जिल्ला	सेवा समेटिने जिल्ला	नेपाल सरकारबाट सञ्चालन अनुमती प्राप्त संस्था	कैफियत
१	मोरङ्ग	मोरङ्ग, झापा, धनकुटा	सिविन- नेपाल	मोरङ्ग, झापा, धनकुटा आधार जिल्ला र सुनसरी, तेह्रथुम लगायतका अन्य जिल्लामा सहकार्यमा सेवा दिने।
२	सुनसरी	सुनसरी	बाल आवाज	सुनसरी आधार जिल्ला र धनकुटा लगायतका नजिकका जिल्लामा सहकार्यमा सेवा दिने।
३	इलाम	इलाम, पाँचथर, ताप्लेजुङ्ग	मानव अधिकार मञ्च	इलाम, पाँचथर र ताप्लेजुङ्ग आधार जिल्ला र अन्य नजिकका जिल्लामा सहकार्यमा सेवा दिने।
४	उदयपुर	उदयपुर, खोटाङ्ग, सोलुखुम्बु, ओखलढुङ्गा	नेस्पेक	उदयपुर आधार जिल्ला र अन्य जिल्लामा सहकार्यमा सेवा दिने
५	संखुवासभा	संखुवासभा, भोजपुर, तेह्रथुम	माट्स नेपाल	संखुवासभा र भोजपुर जिल्ला आधार जिल्ला र तेह्रथुम लगायत नजिकका जिल्लामा सहकार्यमा सेवा दिने

१.२.७.७. बालबालिका खोजतलास सेवा १०४

बालबालिका सम्बन्धी नियमावली २०७८ को नियम ८९ मा बाल हेल्पलाइन सेवा सम्बन्धी व्यवस्था रहेको छ। यसैगरी बालबालिका खोजतलास केन्द्र/सेवा १०४ सञ्चालन निर्देशिका २०७६ कार्यान्वयमा रहेको छ। हराएका बालबालिकाको खोजतलास तथा पारिवारिक पुनर्मिलन, बेवारिसे फेला परेका बालबालिकाको उद्धार तथा पारिवारिक खोजी,

सडक बालबालिकाको उद्धार, जोखिमपूर्ण श्रममा संलग्न रहेका बालबालिकाको उद्धार बेचबिखन तथा ओसारपसारमा परेका बालबालिकाको सकुशल उद्धार तथा पारिवारिक पुनर्मिलन, अन्य देशहरुमा बेवारिसे फेला परेका बालबालिकाको स्वदेश फिर्ती तथा पारिवारिक पुनर्मिलन लगायतका कार्यका लागि यो सेवा सञ्चालनमा रहेको छ।
कोशी प्रदेशमा प्रदेशस्तरीय बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र १०४ सञ्चालनमा रहेको छ।

१.२.७.८. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र

हिंसा तथा दुर्व्यवहारबाट पीडित बालबालिकाको उद्धार, मनोविमर्श, आवासीय अस्थायी संरक्षण तथा पुनर्स्थापना एवम् स्वास्थ्य उपचार तथआ सुरक्षा लगायतका सेवा प्रदान गर्नका लागि नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरु सञ्चालनमा रहेका छन्। प्रदेश प्रहरी कार्यालयबाट प्राप्त जानकारी अनुसार कोशी प्रदेश अन्तर्गत रहेका महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरुको संख्या जम्मा ४४ वटा रहेका छन्।

१.२.७.९. दीर्घकालीन पुनःस्थापना गृह

महिला र किशोरीहरुको संरक्षणका लागि स्थापित दीर्घकालीन पुनःस्थापना गृह प्रदेश सरकार सामाजिक विकास मन्त्रालय द्वारा सञ्चालित सुरक्षित आवास गृह हो । घरेलु तथा लैङ्गिक हिंसाबाट पीडित भई भय तथा असुरक्षा महसुस गरी आफ्नो घर परीवार र समाजमा रही नियमित जीवनयापन गर्न नसकिरहेका महिला तथा किशोरीहरुको पुनःस्थापना गरी उनीहरुलाई पुर्णरुपमा सुरक्षित महसुस गराई आवश्यक पर्ने मनोसामाजिक परामर्श, कानूनी सहयता तथा जीविकोपार्जन सीपका माध्यमबाट समाजमा पुनःभयरहित ढङ्गले पुनःस्थापन गर्न प्रदेश घरेलु हिंसा सम्बन्धि ऐन, २०७७ को दफा ५ को उपदफा (४) तथा प्रदेश घरेलु हिंसा सम्बन्धि नियमावली, २०७६ अनुसार सामाजिक विकास मन्त्रालयले दीर्घकालीन पुनःस्थापना गृह २०७६ माघ देखी सञ्चालन गरेको छ। यस्ता गृहमा रहेका हिंसा पिडितलाई ६ महिना सम्म पुनःस्थापना गरिसक्नु पर्नेछ र सो प्रयास सफल हुन नसकेमा मात्र अधिकतम दुईवर्षसम्म दीर्घकालीन पुनःस्थापना गृहमा राख्ने प्रावधान छ। यस गृहले आवश्यकता अनुसार पिडितलाई कानूनी परामर्श सेवा, मनोसामाजिक मनोविमर्श सेवा, स्वास्थ्य उपचार सेवा, शिक्षा, तालिम, मनोरञ्जन, सुरक्षित आवास, खाना र कपडा उपलब्ध गराउन सक्ने व्यवस्था गरेको छ।

१.२.७.१० अल्पकालीन सुरक्षित आवास केन्द्र

घरेलु, लैङ्गिक तथा अन्य सामाजिक हिंसाबाट पीडित र उच्च जोखिममा रहेका महिला, किशोरी तथा बालबालिकाहरूको तत्काल उद्धार, सुरक्षित संरक्षण, मनोसामाजिक विमर्श,

कानुनी सहायता र पुनःस्थापनाका लागि कोशी प्रदेशमा सञ्चालित सुरक्षित गृहहरू अग्रपंक्तिमा क्रियाशील छन्। हाल कोशी प्रदेश सामाजिक विकास मन्त्रालयमा सूचीकृत भई मन्त्रालयको समन्वयमा सक्रिय रूपमा कार्यरत २२ वटा अल्पकालीन आश्रयस्थल (Safe House) रहेका छन्।

तालिका नं. ९: सामाजिक विकास मन्त्रालयमा सूचिकृत अल्पकालिन आश्रयस्थलहरुको विवरण

क्र.सं	**गृहको नाम**	**स्थानीय तह/जिल्ला**
१	श्री अल्पकालीन आश्रयस्थल	ईलाम नगरपालिका ,ईलाम
२	श्री संयुक्त महिला अधिकार समन्वय सञ्जाल ,	फिदिम नगरपालिका ,पाँचथर
३	श्री ओरेक नेपाल , बिराटनगर	बिराटनगर महानगरपालिका
४	श्री मायाघर नेपाल	ईटहरी उपमहानगरपालिका
५	श्री महिला पुर्नस्थापना सेवा केन्द्र , धनकुटा	धनकुटा नगरपालिका ,धनकुटा
६	श्री परिवर्तनशिल महिला समुह	ओखलढुङ्गा , शिद्धिचरण नगरपालिका
७	श्री बिकास र सचेतनाका लागि सामाजिक संस्था ,भोजपुर	भोजपुर नगरपालिका ,भोजपुर
८	श्री एबिसी नेपाल	मोरङ्ग ,बिराटनगर
९	श्री अल्पकालीन सुरक्षित आवास गृह	ईटहरी महानगरपालिका
१०	श्री मानव अधिकारका लागि महिला एकल महिला	भद्रपुर ,झापा
११	श्री बराहक्षेत्र नगरपालिका सेफ हाउस	बराहक्षेत्र नगरपालिका
१२	श्री सुरक्षित आवास गृह, दमक नगरपालिका	दमक नगरपालिका, झापा
१३	श्री सुरक्षित आवास गृह, बेलका नगरपालिका	बेलका नगरपालिका, उदयपुर
१४	श्री सुरक्षित आवास गृह, कटारी नगरपालिका	कटारी नगरपालिका, उदयपुर
१५	श्री आवाज नेपाल, दुहबी नगरपालिका	दुहबी नगरपालिका, सुनसरी
१६	श्री समाज विकास केन्द्र	खादबारी नगरपालिका, खादबारी
१७	श्री अल्पकालीन आवास गृह, ईनरुवा	ईनरुवा नगरपालिका, सुनसरी

१८	श्री आफन्त नेपाल	बिराटनगर, काकरभिट्टा
१९	श्री नवअभियान नेपाल	बिराटनगर
२०	श्री माईती नेपाल	बिराटनगर , ईटहरी, पशुपतिनगर, काकरभिट्टा
२१	श्री सानाहातहरु	बिराटनगर
२२	श्री सुरक्षित आवास गृह ,म्याङलुङ नगरपालिका	म्याङलुङ

१.२.११.११ संरक्षण विषयगत क्षेत्र (protection cluster)

कोशी प्रदेशमा मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि संरक्षण क्षेत्र (Protection Cluster) को गठन गरिएको छ। यस संरक्षण क्षेत्रको नेतृत्व गर्ने प्रदेशमा सामाजिक विकास मन्त्रालयको सामाजिक विकास महाशाखा रहेको छ भने प्रमुख सहयोगी निकाय (Co-Lead) को रूपमा UNFPA रहेको छ। यस क्लस्टरमा वर्ल्ड भिजन, प्लान इन्टरनेसनल, रेडक्रस सोसाईटी, गैरसरकारी संस्था महासङ्घ (कोशी प्रदेश), ज्येष्ठ नागरिक महासङ्घ, राष्ट्रिय अपाङ्ग महासङ्घ, प्रदेश प्रहरी कार्यालय, स्वास्थ्य मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय लगायत महिला, बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिक क्षेत्रमा क्रियाशील विभिन्न सामाजिक संस्थाहरू सदस्यका रूपमा आबद्ध छन्।

यस क्षेत्र अन्तर्गत मुख्यतया संरक्षण विषयगत क्षेत्रको आकस्मिक कार्ययोजना (Contingency Plan) तयार गर्ने, पुनरावलोकन तथा अध्यावधिक गर्ने कार्य गरिन्छ। साथै, बाढी तथा पहिरोबाट बढी सम्भावित जोखिम भएका जिल्लाहरूमा विद्यालय तथा सरोकारवालाहरूलाई अभिमुखीकरण गराउने, स्थानीय तहमा संरक्षण समूह स्थापना गर्ने, तथा विपद्को उच्च जोखिममा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरूका लागि आवश्यक सेवा प्रवाह सुनिश्चित गर्न समन्वय संयन्त्र निर्माण गर्ने कार्य गरिनेछ। यसबाहेक, लैङ्गिक हिंसा रोकथाम, मनोसामाजिक परामर्श सेवा प्रदान गर्न परामर्शदाताहरूको सूची तयार गर्ने, आइसोलेसन तथा क्वारेन्टाइनमा बसेका लक्षित वर्गहरूको विवरण सङ्कलन तथा विश्लेषण गर्ने जस्ता महत्त्वपूर्ण जिम्मेवारीहरू यस क्षेत्रले बहन गरेको छ।

परिच्छेद २

बाल बचावट

२.१ परिचय

बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा ६ अन्तर्गत बालबालिकाको दीर्घजीवन र विकास एवम् धारा २४ अन्तर्गत स्वास्थ्य सम्बन्धी अधिकारमा बालबालिकाको बाँच्न पाउने तथा स्वस्थ जीवनको अधिकारको व्यवस्था सुनिश्चित गरिएको छ। बालबालिकाको बाँच्न पाउने तथा स्वस्थ जीवनको अधिकार कार्यान्वयनका लागि संवैधानिक, कानूनी तथा नीतिगत रुपमा नेपाल प्रतिबद्ध रहेको छ। नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ३० को उपधारा(१) मा प्रत्येक नागरिकलाई स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने हकको व्यवस्था गरिएको छ।

यसका साथै धारा ३५ को उपधारा (१) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने व्यवस्था उल्लेख छ। यसैगरी धारा ३६ को उपधारा (२) मा खाद्य बस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुन पाउने हकको व्यवस्था गरिएको छ। विशेषगरी धारा ३९ को उपधारा (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट स्वास्थ्य, पालन पोषण, उचित स्याहार र सर्वाङ्गीण व्यक्तित्व विकासको हक सुनिश्चित गरिएको छ। राज्यको नीति अन्तर्गत धारा ५१ को खण्ड (ज) को उपखण्ड (५),(६), (७), (८) र (९) मा नागरिक स्वास्थ्यलाई आधारभूत आवश्यकताको परीपुर्ति तथा स्वास्थ्य सेवामा पँहुच सुनिश्चित गर्ने नीति अवलम्बन गरिएको छ।
जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ को उपदफा (४) मा बालबालिकाको सुरक्षित जन्म तथा स्वस्थ जीवनका लागि खोप सेवा, एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवालाई आधारभुत स्वास्थ्य सेवाको रुपमा परिभाषित गर्दै सो सेवाहरु निःशुल्क रुपमा सबै नागरिकहरुलाई प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। यसैगरी दफा ९ मा बालबालिका बिरामी भएमा स्वास्थ्य संस्थामा लैजानु, स्वास्थ्य उपचार गराउनु, उपचार गर्ने कार्यमा सहयोग र सहजीकरण गर्नु परिवारका सदस्य तथा संरक्षकको दायित्व हुने उल्लेख छ। यसैगरी दफा ४७ मा बालबालिकाको स्वस्थ जिवनको लागि प्रदेश सरकार तथा स्थानीय तहले विशेष सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ।

बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा १३ मा बालबालिकाको पोषण तथा स्वास्थ्य सम्बन्धी अधिकार सुनिश्चित गरिएको छ। ऐनले दुई वर्षसम्मका बालबालिकालाई स्तनपान

तथा प्रत्येक बालबालिकालाई उचित पोषण, सफा खानेपानी, खोप सेवा, राष्ट्रिय मापदण्ड अनुरुपको शारीरिक तथा मानसिक स्वास्थ्य सेवाको साथै आधारभूत स्वास्थ्य उपचार निःशुल्क प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। यसका साथै बालबालिकाको स्वस्थ जीवनका लागि हेरचाह, पालन पोषण, वृत्ति विकास, संरक्षण गर्नु परिवार वा संरक्षकको दायित्व हुने दफा १७ मा स्पष्ट व्यवस्था छ। यसैगरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको स्वस्थ जीवनका लागि आवश्यक व्यवस्था मिलाउनु राज्यको दायित्व हुने समेत स्पष्ट व्यवस्था छ।

२.२ बालबालिकाको स्वस्थ जीवन र स्वास्थ्य सुरक्षा

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तर्फबाट राष्ट्रिय खोप, राष्ट्रिय पोषण, भिटामिन 'ए' वितरण, कुपोषण रोकथाम, एकीकृत बाल स्वास्थ्य, समुदायमा आधारित नवजात शिशु तथा बालरोग व्यवस्थापन, बहुक्षेत्रीय पोषण कार्यक्रम लगायतका कार्यक्रमहरु सञ्चालनमा रहेका छन्। कोशी प्रदेश लगायत देशभर दलित समुदायका बालबालिकालाई पोषण भत्ता, सुरक्षित मातृत्व कार्यक्रमहरु सञ्चालनमा रहेका छन्। यस अतिरिक्त बालबालिकाको लागि तोकिएका स्वास्थ्य संस्थाहरुमा तोकिएका स्वास्थ्य सेवा र औषधिहरु निःशुल्क प्रदान गर्ने गरिएको छ। यसैगरी गर्भवती महिला तथा नवजात शिशु लक्षित आकस्मिक प्रसूति सेवा, आधारभूत आकस्मिक प्रसूति सेवा, नवजात शिशुको अत्यावश्यकीय सेवा, नवजात शिशुको आकस्मिक सेवा, बृहत आकस्मिक प्रसूति सेवा, सुरक्षित मातृत्व प्याकेज जस्ता सेवाहरू सञ्चालनमा रहेका छन् । गर्भवती र शिशुको स्वास्थ्यको लागि आइरन, क्यालिसियम, भिटामिन लगायतका औषधिहरू अस्पताल तथा स्वास्थ्य चौकीबाट निःशुल्क उपलब्ध गराइने व्यवस्था छ । आमाबाट नवजात शिशुमा एचआइभी/एड्स संक्रमण नियन्त्रण गर्नको लागि संक्रमण रोकथाम लगायत एचआइभी/एड्सबाट प्रभावित र संक्रमित बालबालिकाका लागि नगद सहयोगको कार्य सञ्चालनमा छ। यसैगरी निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम, नवजात शिशु र बालबालिकासँग सम्बन्धित विविध कार्यक्रमहरु सञ्चालनमा रहेका छन् ।रक्त अल्पता (Iron deficiency Anae:ia) नियन्त्रण गर्नको लागि गर्भवती तथा सुत्केरीलाई पुरक आइरन फोलिक एसिड सबै स्थानीय तहहरुमा वितरण गरिन्छ। पुरक पोषिलो खानेकुरा वितरण गर्ने कार्यक्रम समेत सञ्चालनमा छ। आयोडिनको कमीबाट हुने समस्या नियन्त्रण गर्न आयोडिनयुक्त नुनको वितरण व्यापक भएको छ। भिटामिन"ए"को कमी बाट हुने समस्या निराकरण गर्नको लागि राष्ट्रिय भिटामिन "ए" कार्यक्रम सञ्चालनमा रहेको छ।यसका साथै बालबालिकामा जुका नियन्त्रणका लागि १२—५९ महिनाका बालबालिकालाई जुकाकोऔषधि वितरण गर्ने गरिएको छ।

२.३ खोप, शिशु तथा बाल स्वास्थ्य

बालबालिकाले खोप लगाउन पाउने नैसर्गिक अधिकारको कार्यान्वयनका लागि नेपाल संवेदनशील रहेको छ। दक्षिण एसियाली देशहरुमध्ये राष्ट्रिय खोप ऐन लागू भएको नेपाल पहिलो देश हो। विभिन्न रोगबाट बालबालिकालाई संरक्षण गरि स्वस्थ राख्नका लागि खोप ऐन, २०७२ कार्यान्वयनमा छ। उक्त ऐनमा बालबालिकालाई खोप लगाउनु अनिवार्य रहेको छ। खोप नियमावली २०७४ ले विभिन्न रोगबाट बालबालिकालाई संरक्षणका लागि खोपको सूची समेत उल्लेख गरेको छ। वि.स. २०६९ सालदेखि "पूर्ण खोप कार्यक्रम" कार्यान्वयनमा रहेको छ।

तालिका नं १०: विभिन्न खोप पाउने बालबालिकाको बिवरण

क्र.सं.	खोप	समग्र देशमा	कोशी प्रदेशमा
१	डिपिटी हेपB,Hib 3	८२.०७	७६.६८
२	दादुरारुवेला(१ वर्षमूनिका)	८१.४१	७६.८८
३	दादुरा रुवेला(१२ देखी २३महिना)	८३.१९	७८.९४
४	टिटानस खोप(गर्भवती महिला)	६४.३५	५७.७७
४	पूर्ण खोप पाएका बालबालिका	८०.८	७६.३३

स्रोतः : H:IS २०८२ साउन देखि २०८३ असार

तालिका नं ११: बालबालिकाहरुको मृत्यूदर सम्वन्धी विवरण

सूचक	समग्र देशमा	कोशी प्रदेशमा
नवजात शिशु मृत्यूदर (प्रति हजार जीवित जन्म)	२१	१७(N:ICS)
शिशु मृत्यूदर (प्रतिहजारमा जीवित जन्ममा)	२८	२७(N:ICS)
५ वर्षमुनीका बालमृत्यूदर(प्रति हजारमा जीवित जनम्ममा)	३३	३१(N:ICS)

स्रोतः आर्थिक सर्वेक्षण, कोशी प्रदेश, २०८२/०८३

२.४ पोषण

नेपालको संविधानले सबै नागरिकको खाना, स्वास्थ्य र पोषणको अधिकार सुनिश्चित गरेको छ। बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १३ मा बालबालिकाको पोषण तथा स्वास्थ्यको अधिकारअन्तर्गत प्रत्येक बालबालिकालाई उचित पोषण, सफा खानेपानी तथा दुई वर्षसम्मका बालबालिकालाई स्तनपानको अधिकार, गर्भवती र बालबालिकालाई रोगबाट बच्न आवश्यक खोपहरू लिन पाउने अधिकार, राष्ट्रिय मापदण्डअनुरूपको शारीरिक तथा मानसिक स्वास्थ्य सेवा उपभोग गर्न पाउने अधिकार, उमेर र परिपक्वताअनुसार शरीर तथा प्रजनन स्वास्थ्यसम्बन्धी जानकारी पाउने अधिकार, र निःशुल्क औषधीउपचारको अधिकार हुनेछ भन्ने प्रावधानहरू रहेका छन्। यी प्रावधानहरूबाट सरकारले बालस्वास्थ्य र पोषणको विषयलाई प्राथमिकतामा राखेको देखिन्छ।

संयुक्त राष्ट्रसंघको विशेष सभाले सन् २०१६–२०२५ को दशकलाई पोषण कार्यको दशकको रूपमा घोषणा गरेको छ। नेपाल सरकारले सबै प्रकारका कुपोषणको समस्यालाई सम्बोधन गर्न राष्ट्रिय पोषण नीति, रणनीति र कार्ययोजनामा सुधार गर्दै कार्यान्वयन गरेको छ। यसैगरी, बहुक्षेत्रीय पोषण योजना पनि कार्यान्वयनमा रहेको छ। दिगो विकास लक्ष्य २ अन्तर्गत सन् २०३० सम्ममा कुपोषणलाई ३ प्रतिशतमा र ५ वर्ष मुनिका बालबालिकामा पाइने कम तौललाई ९ प्रतिशतमा झार्ने, तथा सन् २०३० सम्ममा प्रजनन उमेरका महिला र बालबालिकामा रहेको रक्तअल्पतालाई १० प्रतिशतमा झार्ने लगायतका परिमाणात्मक लक्ष्यहरू पनि राखिएका छन्।

पोषणको स्थिति सुधार गर्नु राष्ट्रिय सरोकारको विषय भएको छ र यस अनुसार विभिन्न कार्ययोजना, नीति तथा रणनीति, कार्यक्रम र परियोजनाहरू सञ्चालनमा छन्। विगत लामो समयदेखि राष्ट्रिय भिटामिन 'ए', बालबालिकाको वृद्धि अनुगमन तथा परामर्श, आइरनको कमीबाट हुने एनिमियाको नियन्त्रण र रोकथाम, आयोडिनको कमीको रोकथाम, जुका नियन्त्रण र पोषणयुक्त खानेकुरा वितरणजस्ता कार्यक्रमहरू व्यापक रूपमा कार्यान्वयनमा रहेका छन् भने विद्यालय स्वास्थ्य र पोषण कार्यक्रम पनि विस्तार हुँदैछ। सरकारी र गैरसरकारी क्षेत्रबाट पोषण पुनस्थापना केन्द्र तथा सेवा निरन्तर रूपमा सञ्चालनमा रहेका छन्। नेपालका २१ जिल्लामा पोषण पुनस्थापना केन्द्र सञ्चालनमा रहेकामध्ये कोशी प्रदेशको मेची प्रादेशिक अस्पताल र कोशी अस्पतालमा पनि पोषण पुनस्थापना केन्द्र सञ्चालनमा रहेका छन्।

२.५ बालबालिकाको वृद्धि, अनुगमन र प्रवर्द्धन

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार नेपालमा सन् २००१ देखि यता बालबालिकामा पुड्कोपन घट्दै गएको छ, जुन ५७ प्रतिशतबाट घटेर २५ प्रतिशत पुगेको

छ। यसैगरी, कम तौल भएका बालबालिका ४३ प्रतिशतबाट १९ प्रतिशत र ख्याउटेपना ११ प्रतिशतबाट ८ प्रतिशतमा झरेको देखिन्छ।

वृद्धि, अनुगमन र प्रवर्द्धनका लागि दर्ता गरिएका शून्यदेखि २३ महिनासम्मका बालबालिकाको शारीरिक मापदण्डका साथै विकासका प्रमुख अवस्था र सामान्य स्वास्थ्यको अनुगमन गरिन्छ। यो कार्यक्रम 'वृद्धि अनुगमन र प्रवर्द्धन निर्देशिका, २०७९' द्वारा निर्देशित गरिएको छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार शून्यदेखि २३ महिनाका बालबालिकालाई वृद्धि अनुगमनका लागि यस प्रदेशमा दर्ता गरिएको प्रतिशत निम्नानुसार रहेको छ, जसलाई तीन आर्थिक वर्षको तुलनात्मक अध्ययन गरिएको थियो। त्यसैगरी, कोशी प्रदेशको स्वास्थ्य नीति, २०८२ अनुसार पाँच वर्ष मुनिका बालबालिकामा पुड्कोपन २० प्रतिशतमा, ख्याउटेपन ३.८ प्रतिशतमा, कम तौल भएका बालबालिका १३ प्रतिशतमा र रक्तअल्पता भएका बालबालिका १३ प्रतिशतमा झार्ने लक्ष्य राखिएको छ।

तालिका नं.१२: बालबालिकाहरुको स्वास्थ्य सूचकहरुको अवस्था

क्र.स.	सूचक	वर्तमान अवस्था	
		नेपाल	कोशी प्रदेश
१	पाँचवर्ष मुनिका बालबालिकाहरुमा पुड्कोपना (%)	२६.२(N:ICS)	२६.२(N:ICS)
२	पाँचवर्ष मुनिका बालबालिकाहरुमा ख्याउटेपन (%)	६.६(N:ICS)	६.६(N:ICS)
३	पाँचवर्ष मुनिका बालबालिकाहरुमा कम तौल(%)	१७(N:ICS)	१७(N:ICS)

स्रोतः आर्थिक सर्वेक्षण, कोशी प्रदेश, २०८२/०८३

२.६ मातृमृत्यु दर

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार गणनाको सन्दर्भ अवधि (गणना भएको दिन देखि १२ महिना अघिको समयावधी) मा कूल प्रजनन उमेर समूह(१५-४९) का १२ हजार ९७६ महिला मृत्यू मध्ये ६५३ जना (पाँच प्रतिशत) को मृत्यू गर्भावस्थासँग सम्बन्धित रहेको देखिएको छ ।स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको सहकार्यमा गरिएको भर्वल अटप्सी (**Verbal Autopsy**) बाट उल्लिखित गर्भावस्थासँग सम्बन्धित मृत्यू मध्ये ६२२ जना (९५ प्रतिशत) को मृत्यू मातृमृत्यूसँग सम्बन्धित देखिएको छ। यस अवधिमा उक्त उमेर समूहबाट कुल ४ लाख १२ हजार ९३५ जना जीवित बालबालिकाको जन्म भएको देखिएको छ। जसअनुसार मातृमृत्यूदर १५१ जना प्रतिलाख जीवित जन्ममा रहेको छ ।

कोशी प्रदेशको २०७८ को जनगणना अनुसार गर्भावस्थाको अवधिमा भएको महिलाको मृत्यू संख्या १०४ रहेको छ भने मातृमृत्यु संख्या १०१ रहेको छ । त्यसैगरी जीवित जन्मेका बालबालिकाको संख्या ६४१९० मा मातृमृत्युदर प्रति लाखमा १५७ रहेको छ ।

तालिका नं.१३: प्रदेशगत रुपमा मातृमृत्युदर (प्रति लाखमा)

प्रदेश	गर्भावस्थाको अवधिमा भएको महिलाको मृत्यु संख्या	मातृमृत्यु संख्या	जीवित जन्मेका बालबालिकाको संख्या	मातृमृत्यु दर (प्रति लाखमा)
कोशी	**१०४**	**१०१**	**६४१९०**	**१५७**
मधेस	१४६	१३५	९६५५७	१४०
बागमती	७२	६९	७०३८०	९८
गण्डकी	४६	४५	२७९४०	१६१
लुम्बिनी	१६२	१५८	७६२४३	२०७
कर्णाली	५९	५४	३१३२३	१७२
सुदुरपश्चिम	६४	६०	४६३०२	१३०
नेपाल	६५३	६२२	४१२९३५	१५१

स्रोतः राष्ट्रिय जनगणना,२०७८

माथिको तालिका अनुसार कोशी प्रदेशमा औसतभन्दा बढि मातृ मृत्युदर रहेको छ।

२.७ गर्भवती तथा सुत्केरीको उद्धार

राष्ट्रिय महिला सशक्तिकरण परियोजना अन्तर्गत आर्थिक वर्ष २०७५/७६ देखि २०८२ चैत्रसम्म कोशी प्रदेशका दुर्गम तथा पहाडी क्षेत्रमा २८१ जना गर्भवती तथा सुत्केरी महिलालाई हवाई उद्धार गरिएको छ। चालु आर्थिक वर्षको चैत्रसम्म २५ जना गर्भवती तथा सुत्केरी महिलाको उद्धार भएको छ।

तालिका नं. १४ : कोशी प्रदेशमा उद्धार गरिएका गर्भवती तथा सुत्केरीको महिलाहरुको विवरण

आर्थिक वर्ष	नेपाल	कोशी
२०७५/०७६	२६	५
२०७६/०७७	८७	१०
२०७७/७८	१०३	२८
२०७८/७९	१६९	५५
२०७९/८०	१६७	४४

आर्थिक वर्ष	नेपाल	कोशी
२०८०/८१	१६१	६९
२०८१/८२	१३५	४५
२०८२/८३	६९	२५
जम्मा	९१७	२८१

स्रोतः महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्य र सामाजिक सुरक्षा मन्त्रालय,२०८२

२.८ स्वास्थ्य संस्थामा जन्मिएका बालबालिकाको अनुपात

नेपाल सरकारले सन २०३० सम्ममा गर्भवती महिलाले प्रसुति पूर्व स्वास्थ्य संस्थामा चेकजाँच र प्रसुति गराउने प्रतिशत ९० पुर्याउने राष्ट्रिय लक्ष्य राखेको छ ।कोशी प्रदेशको स्वास्थ्य नीति,२०८२ अनुसार कोशी प्रदेशमा संस्थागत प्रसुती ८२ प्रतिशत रहेको छ ।

२.९ स्वास्थ्य संस्था

२०८२ चैत्रसम्म कोशी प्रदेशमा सबै तहका अस्पताल १८२ र आधारभुत स्वास्थ्य सेवा केन्द्र १४५७ गरी जम्मा १,६३९ वटा स्वास्थ्य संस्था रहेका छन्।

तालिका नं १५: कोशी प्रदेशमा स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको विवरण

क्र.स.	स्वास्थ्य संस्थाको किसिम	संख्या	क्षमता/शैय्या
१	विशिष्टीकृत अस्पताल	२	२०० शैय्या माथि
२	विशेषज्ञ अस्पताल	६	१०० शैय्या माथि
३	जेनरल अस्पताल	४६	२५-५० शैय्या
४	जेनरल अस्पताल	९	१००-३०० शैय्या
५	आधारभुत अस्पताल	११४	५-१५ शैय्या
६	आधारभुत स्वास्थ्य सेवा केन्द्र	१४५७	
७	शिक्षण अस्पताल	५	३०० शैय्या माथि
	जम्मा	१६३९	

स्रोतः आर्थिक सर्वेक्षण, कोशी प्रदेश, २०८२/०८३

२.१० अपाङ्गता भएका बालबालिकाको उपचार

प्रदेशका १४ वटै जिल्लामा सुनाइम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य सेवा लगायत अन्य आवश्यक सेवा उपभोग गर्न सहजताका लागि १४ वटा अस्पतालमा दोभाषे सेवा प्रदान गरिएको छ। साथै, निःशुल्क १०२ मा टेलिफोन सम्पर्क गरी जिप ट्रयाकिङसहितको २४ घण्टे एम्बुलेन्स सेवा सञ्चालनमा रहेको छ।

२.११ अपाङ्गता भएका बालबालिकाको उपचार तथा रोकथाम

कोशी प्रदेश सरकार, कोशी प्रदेशका स्थानीय तहहरु र साझेदार संस्था करुणा फाउण्डेसन नेपालको त्रिपक्षीय लागत साझेदारी तथा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, कोशी प्रदेशको प्राविधिक सहयोगमा प्रदेशका स्थानीय तहहरुमा आ.व. २०७६/७७ बाट सुरु भएको **"अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम"**जन्मजात तथा जन्मपश्चात विकसित हुनसक्ने अपाङ्गताको जोखिम न्यूनिकरण गर्ने तथा अपाङ्गता भएका व्यक्तिहरु सहितको समावेशी समाजको निर्माण गर्नका लागि सञ्चालन गरिएको कोशी प्रदेशकै पहिलो नमूना साझेदारी कार्यक्रम हो।

कोशी प्रदेशका सम्पूर्ण १३७ स्थानीय तहमध्ये कार्यक्रम सञ्चालन भएका प्रथम र दोश्रो चरणका मोरङ, सुनसरी, धनकुटा, भोजपुर, संखुवासभा, पाँचथर र इलाम जिल्लाका ७३ स्थानीय तहहरुबाट साझेदार संस्था करुणा फाउण्डेसन नेपाल आर्थिक वर्ष २०७९/८० को अन्त्यदेखि बहिर्गमन भएपश्चात कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले कार्यक्रमलाई आन्तरिकिकरण गरी सम्बन्धित स्थानीय तहहरुसँग सहकार्य गर्दै कार्यक्रमलाई अगाडि बढाइरहेको छ।बाँकी रहेका ६४ स्थानीय तहहरुमा अहिले पनि कोशी प्रदेश सरकार स्थानीय तहहरु तथा करुणा फाउण्डेसन नेपालको सहकार्यमा यो कार्यक्रम संचालन भईरहेको छ।

सामाजिक विकास मन्त्रालय र करुणा फाउण्डेसन नेपालबीच भएको सम्झौता बमोजिम आ.व. २०८३/०८४ को अन्त्यबाट साझेदार संस्था करुणा फाउण्डेसन नेपालबहिर्गमन भएपश्चात कोशी प्रदेशका सम्पूर्ण १३७ स्थानीय तहहरुमा कार्यक्रमको उद्देश्य तथा लक्ष्यअनुरुप निरन्तरता र दिगोपनाकोजिम्मेवारी सामाजिक विकास मन्त्रालय र स्थानीय तहहरुको रहनेछ ।

विश्व स्वास्थ्य संगठनद्वारा सिफारिस गरिएको र नेपाल सरकारले अवलम्बन गरेको समुदायमा आधारित पुनःस्थापना (CBR) अवधारणामार्फत अपाङ्गता भएका व्यक्तिहरूलाई समुदायमै पुनःस्थापना गरी उनीहरूको जीवनस्तर सुधार गर्ने उद्देश्यले यो कार्यक्रम सुरु गरिएको हो।

कार्यक्रमको लक्ष्यः जन्मजात तथा जन्मपश्चात हुने अपाङ्गता न्यूनीकरण एवं अपाङ्गता भएका व्यक्तिहरूको समुदायमा आधारित पुनःस्थापना मार्फत समावेशी समाजको निर्माण गर्ने।

कार्यक्रमको उद्धेश्यः

१. नवजात शिशु तथा १० वर्ष मुनिका बालबालिकाको स्वास्थ्य जाँच गरी जन्मदोष तथा हुनसक्ने अपाङ्गताको पहिचान र व्यवस्थापन गर्ने,
२. अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका परिवारको जीवनको गुणस्तरमा सुधार ल्याउने,
३. स्थानीय तहमा रही लक्षित समूहलाई सेवा प्रवाह गर्ने संरचनाहरूको सुदृढीकरणमा सहयोग गर्ने।

कार्यक्रम अन्तर्गत बालबालिकाको क्षेत्रमा भएको हालसम्मको मुख्य मुख्य प्रगति तथा उपलब्धीहरु

१३७ वटै स्थानीय तहहरुमा आ.व. २०७६/७७ देखि हालसम्म अपाङ्गता भएका बालबालिकाहरुको मुख्य मुख्य सूचकहरुको प्रगति अवस्था निम्न अनुसार रहेको छः

प्रमुख सूचकहरुमा बालबालिकाहरुको प्रगतिको अवस्था

क्र.सं.	सूचक	जम्मा
१	अपाङ्गता भएका बालबालिकाहरुको पहिचान तथा प्रोफायल तयारी	१०,७६१
२	अपाङ्गता परिचयपत्र प्राप्त गर्का बालबालिकाहरुको संख्या	१०,२६५
३	स्वास्थ्य उपचार प्राप्त गरेका अपाङ्गता भएका बालबालिकाहरु	४,६११
४	सहायक सामग्री प्राप्त गर्का अपाङ्गता भएका बालबालिकाहरु	९,३८९
५	विद्यालयमा नयाँ भर्ना भएका अपाङ्गता भएका बालबालिकाहरु	३,२५८
६	छात्रवृत्ति प्राप्त गरिरहेका विद्यालयमा अध्ययनरत अपाङ्गता भएकाबालबालिकाहरु	१,९५४
७	विद्यालयमा जाने १० वर्ष मुनिका बालबालिकामा अपाङ्गताको जोखिमपरीक्षण	४०४,२९४
८	विद्यालयमा जाने १० वर्ष मुनिका बालबालिकामा अपाङ्गताको जोखिम पहिचान	१५,३६५
९	विद्यालयमा जाने १० वर्ष मुनिका बालबालिकामा अपाङ्गताको उपचार	१०,४६४
१०	सामाजिक सुरक्षा सेवा प्राप्त गरिरहेका बालबालिकाहरु रातो र) (नीलोपरिचयपत्र	६,९८३
११	नवजात शिशुहरुको जन्मदोष जात पहिचानका लागि परीक्षण	८७,६२७

क्र.सं.	सूचक	जम्मा
१२	जन्मदोष पत्ता लागेका नवजात शिशुहरु	४७९
१३	जन्मदोष पत्ता लागि उपचार पाएका नवजात शिशुहरु	२९२
१४	जन्मदोषको उपचार पश्चात पूर्ण रुपमा निको भएका नवजात शिशुहरु	५०
१५	जन्मेको २९ दिनदेखि ५ वर्ष मुनिका बालबालिकामा अपाङ्गताको जोखिमपरीक्षण	८७,७०२
१६	जन्मेको २९ दिनदेखि ५ वर्ष मुनिका बालबालिकामामा अपाङ्गताको जोखिमपहिचान	६२९
१७	जन्मेको २९ दिनदेखि ५ वर्ष मुनिका बालबालिकामा अपाङ्गताको उपचार	४६३
१८	विद्यालय जान नसक्ने अपाङ्गता भएका बालबालिकाहरुका लागि घरमाआधारित शिक्षा प्रदान	१,१३६

स्रोतः स्थानीय तहहरुको प्रतिवेदन र DPRP-:IS

२.१२ संक्रामक रोग र बालबालिका

दिगो विकास लक्ष्य ३ अन्तर्गत एच।आई।भी।, क्षयरोग, औलो ज्वरो साथै पानीजन्य रोगहरु लाग्न नदिने परिमाणात्मक लक्ष्य राखिएको छ। सन् २०३० सम्ममा नसर्ने रोगबाट हुने असामयिक मृत्यूदरलाई एकतिहाईले कम गर्ने विश्वव्यापी लक्ष्य राखिएको छ।

२.१३ स्वच्छ खानेपानीको प्रवन्ध

सबैको लागि स्वच्छ खानेपानीको प्रवन्ध हुनु मानव अधिकारको एउटा महत्वपूर्ण पक्ष हो। यसैगरी बालबालिकाहरु पानीजन्य रोगवाट छिटो प्रभावित हुने र अकाल मृत्यू हुने हुँदा बालबालिकाको दृष्टिमा स्वच्छ खानेपानी र सरसफाई महत्वपूर्ण पक्ष हो ।२०८२ चैत्रसम्म कोशी प्रदेशका ९३.०६% जनसंख्यामा आधारभुत खानेपानीको सुविधा पुगेको छ। प्रदेश सरकारले सञ्चालन गरेका खानेपानी आयोजनाबाट जम्मा ४५ लाख ९ हजार ४ सय ३० जनसंख्या लाभान्वित छन्।

तालिका नं. १६: आधारभूत खानेपानीबाट लाभान्वित जनसङ्ख्याको जिल्लागत विवरण

क्र.स.	जिल्ला	आधारभूत खानेपानीबाट लाभान्वित जनसङ्ख्या (%)
१	मोरङ्ग	९७.८५
२	सुनसरी	९७.१२

३	झापा	९६.६२
४	इलाम	९४.९२
५	खोटाङ	९०.०६
६	उदयपुर	९३.३२
७	ओखलढुङ्गा	९२.१४
८	सोलुखुम्बु	९५.२७
९	भोजपुर	८०.७८
१०	संखुवासभा	९०.३८
११	धनकुटा	९३.८३
१२	तेह्रथुम	९०.०६
१३	पाँचथर	९२.४८
१४	ताप्लेजुङ	९८
	कोशी प्रदेशको जम्मा	९३.०६

स्रोतः आर्थिक सर्वेक्षण, कोशी प्रदेश २०८२/०८३

कोशी प्रदेशको ९७.८३ प्रतिशत जनसंख्यामा आधारभुत सरसफाई पुगेको छ। प्रदेशको ३३.१५ प्रतिशत परिवारले साधारण शौचालय प्रयोग गरेका छन् भने शौचालय नभएको ३.१६ प्रतिशत(३७,६५३ परिवार) रहेका छन्।

परिच्छेद ३

बालसंरक्षण

३.१ परिचय

नेपालको संविधानले बालबालिकाको संरक्षणको अधिकारलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ । यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाको संरक्षणको अधिकार, मुलुकी देवानी संहिता, २०७४ मा दश वर्ष उमेर नपुगेको बालबालिकाले गरेको कुनै काम कसूर नमानिने, बालबालिकाबाट कसैले गराएको कसूरमा उमेर पुगेकालाई सजाय हुने, छोरा-छोरी, छोरा-छोरा वा छोरी-छोरीबीच कुनै किसिमले भेदभाव गर्न नहुने, बालबालिका विरुद्ध हिंसा र बाल यौन दुर्व्यवहार गर्न नहुने व्यवस्था रहेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ बालबालिकाका लागि विशिष्टीकृत ऐन भएकोले बालबालिकाको संरक्षणको अधिकार सहित तेह्रवटा खण्डहरूमा २१ प्रकारका अधिकारहरूको व्यवस्था गरेको छ । बाल अधिकारको संरक्षण तथा संवर्द्धनका लागि संस्थागत र संयन्त्रगत व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले बालबालिकासँग सम्बन्धित पञ्जीकरण, सूचना व्यवस्थापन, सडक बालबालिका, अनाथ, असहाय, असक्त, र मानसिक असन्तुलन भएका व्यक्तिहरूको संरक्षण र व्यवस्थापन, बाल विवाह, लैङ्गिक हिंसा, छुवाछुत, हलिया, छाउपडी, कमलरी, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने लगायतका कार्य गर्नुपर्ने व्यवस्था रहेको छ ।

संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ ले प्रत्येक बालबालिकालाई बिना कुनै भेदभाव हरेक अधिकार पाउने हक हुने, बालबालिकासँग सम्बन्धित कुनै पनि काम कुरा गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने, प्रत्येक बालबालिकाको जन्मनासाथ नाम र राष्ट्रियता पाउने लगायत बाबुआमा थाहा पाउने एवम् उनीहरूबाट स्याहार पाउने, आमाबाबुबाट अलग राख्न नहुने, बालबालिकाको अवैध स्थानान्तरण, अपहरण तथा विदेशबाट नफर्काउने स्थितिलाई निरुत्साहित पार्न आवश्यक कदम चाल्नु राज्यको दायित्व हुने व्यवस्था गरेको छ । बालबालिकामाथि हुन सक्ने कुनै पनि प्रकारको शारीरिक वा मानसिक दुर्व्यवहार, हेला वा उपेक्षा वा यौनदुराचार लगायतका शोषणहरूबाट बालबालिकालाई जोगाउन तथा पीडितको उपचारका लागि राज्यले उपयुक्त वैधानिक, प्रशासनिक, सामाजिक वा शैक्षिक उपायहरू अपनाउनुपर्ने, परिवारविहीन बालबालिकाको संरक्षण राज्यले गर्नुपर्ने व्यवस्था महासन्धिमा रहेको छ । शरणार्थी बालबालिका, अपाङ्गता भएका बालबालिकाको विशेष संरक्षण, बालबालिकाको सामाजिक सुरक्षा, अल्पसङ्ख्यक वा आदिवासी जनजाति समुदायका बालबालिकाको संरक्षण, बालश्रम, लागू पदार्थ दुव्यर्सनी, यौन दुर्व्यवहार, बेचबिखन, ओसारपसार र अपहरणबाट संरक्षण, सबै

खाले शोषणबाट संरक्षण, सशस्त्र द्वन्द्वबाट बालबालिकाको संरक्षण लगायतका विषयहरूमा पक्षराष्ट्रले ध्यान दिनुपर्ने व्यवस्था गरेको छ।

नेपालमा बालबालिकाको संरक्षणको अधिकार सम्बन्धमा व्यवस्था भएका संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्थाका साथै अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिबद्धताहरूको कार्यान्वयनको अवस्था तथा बाल संरक्षणको स्थितिहरू यस परिच्छेदमा समावेश गरिएको छ । यस परिच्छेदमा मूलभूत रूपमा बालबालिकाको संरक्षण, पहिचान र नागरिकताको अधिकार, भेदभाव रहितता, बाल शोषण, बाल हिंसा तथा दुर्व्यवहार र पुनःस्थापना, बालबालिकाको न्यायमा पहुँच तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अवस्थाको बारेमा चर्चा गरिएको छ ।

३.२ जन्मदर्ता

नेपालको संविधानको धारा ३९ (१) मा प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुने व्यवस्था छ । यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४ मा प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्म दर्ताको हक हुने, बालबालिका जन्मेपछि निजको बाबु वा आमाले बालबालिकाको नाम राखी प्रचलित कानून बमोजिम जन्मदर्ता गर्नु पर्ने, जबरजस्ती करणी वा प्रचलित कानून बमोजिम सजाय हुने हाडनाता करणीबाट जन्मिएका बालबालिकाको आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनु पर्ने, बालबालिकाले चाहेमा आफ्नो बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न पाउने, आमा, बाबु वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम थर परिवर्तन गर्न नहुने जस्ता बालबालिकाको पहिचान सम्बन्धी कानूनी व्यवस्था भएको छ । नेपाल सरकारले २०८० सालसम्म सत् प्रतिशत बालबालिकाको जन्मदर्ता गर्ने प्रतिवद्धता जनाएको थियो । बालअधिकार महासन्धि, सन् १९८९ को धारा ७ मा जन्मनासाथ बालबालिकाको जन्मदर्ता गरी औपचारिक नाम पाउने र राष्ट्रियताको अधिकार र सम्भव भएसम्म आफ्ना बाबुआमा थाहा पाउने र उनीहरुबाट स्याहार पाउने अधिकारको व्यवस्था गरिएको छ । नेपालमा बालबालिका जन्मेको ३५ दिनभित्रमा स्थानीय पञ्जिकाधिकारी कहाँ जन्मदर्ता गराउनुपर्ने प्रावधान रहेको छ। जन्मदर्तालाई प्रभावकारी बनाउन नेपाल सरकारले विद्यालय भर्ना, सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत बालबालिकाले पाउने पोषण भत्ता लगायत विभिन्न सेवा सुविधाका लागि जन्म दर्ता प्रमाणपत्रलाई अनिवार्य गरेपछि आम मानिसमा जन्म दर्ताको महत्व बढ्दै गएको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार कोशी प्रदेशमा बालबालिकाको जन्मदर्ता ७०.८% रहेको छ।

तालिका नं. १७ : कोशी प्रदेशका पाँच वर्ष वा सोभन्दा कम उमेरका बालबालिकाको जन्मदर्ताको अवस्था

बालक/बालिका	जम्मा	जन्म दर्ता गरेका		जन्म दर्ता नगरेका	
		संख्या	प्रतिशत	संख्या	प्रतिशत
जम्मा	४७२६२५	३३४८५२	७०.८	१३७७७३	२९.२
बालक	२४४९६७	१७४६११	७१.३	७०३५६	२८.७
बालिका	२२७६५८	१६०२४१	७०.४	६७४१७	२९.६

स्रोतः राष्ट्रिय जनगणना, २०७८

३.३ अपाङ्गता भएका बालबालिका

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २३ मा अपाङ्गता भएका बालबालिकाको अधिकार सुनिश्चित गर्नुपर्ने प्रावधान रहेको छ। नेपालको संविधानको धारा ३९ मा अपाङ्गता भएका एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हकको व्यवस्था भएको छ। त्यसैगरी अपाङ्गता भएका नागरिकलाई कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक, ब्रेललिपि तथा साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने प्रावधानहरु रहेका छन्। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५ लगायतका ऐनहरुमा अपाङ्गता भएका व्यक्तिको संरक्षण तथा अधिकारको व्यवस्था भएको छ भने बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (४) र दफा १२ मा अपाङ्गता भएका बालबालिकाको विशेष अधिकारका व्यवस्थाहरु उल्लेख गरी राज्यले विशेष संरक्षणको व्यवस्था गर्नु पर्ने उल्लेख गरिएको छ। अपाङ्गता भएका व्यक्तिका लागि 'समावेशी शिक्षा नीति, २०७३' कार्यान्वयनमा रहेको छ। यी व्यवस्थाहरुबाट अपाङ्गता भएका बालबालिकाको पालन पोषण, हेरचाह, शिक्षा, स्वास्थ्य, संरक्षण र सहभागिताजस्ता सेवा सुविधा सुनिश्चित गरिएको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार कुनै-न-कुनै प्रकारको अपाङ्गता भएको जनसंख्या ६४७७४४ अर्थात कूल जनसंख्याको २।२ प्रतिशत रहेकोछ । त्यसैगरी कोशी प्रदेशको कुल जनसंख्या ४९६१४१२ मध्ये अपाङ्गता भएका व्यक्तिको जनसंख्या ११७२१९ अर्थात कुल जनसंख्याको २.४ प्रतिशत रहेको छ।

३.४ बालश्रम

नेपालको संविधानको धारा ३९ को उपधारा ४ मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन बन्देज लगाएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा७ को उपदफा (६) मा प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार उल्लेख गरिएको छ। संयुक्त राष्ट्रसंघको बाल अधिकार महासन्धि, १९८९ को धारा ३२ बमोजिम

बालबालिकालाई शिक्षा, स्वास्थ्य तथा विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने अधिकार छ। अन्तर्राष्ट्रिय श्रम संगठन अन्तर्गत रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेर सम्बन्धी महासन्धि, १९७३ (नं.१३८) ले १८ वर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउन निषेध गरेको छ। तर आर्थिक र शैक्षिक सुविधा पर्याप्त विकसित नभएका राष्ट्रहरूका सन्दर्भमा भने यदि पर्याप्त शिक्षा, स्वास्थ्य, नैतिकताको दृष्टिबाट पूर्ण सुरक्षित भएमा १४ वर्षदेखि नै बालबालिकालाई काममा लगाउन सकिने व्यवस्था छ। निकृष्ट प्रकारको बालश्रम सम्बन्धी महासन्धि, १९९९ (नं. १८२) लाई नेपाल सरकारले अनुमोदन गरेको छ ।
कोशी प्रदेशमा हाल सम्म देहायका तिन वटा स्थानीय तहहरु बाल श्रम मुक्त घोषणा भएका छन्।

तालिका नं. १८: बाल श्रममुक्त घोषणा गरिएका स्थानीय तहहरु

क्र.स.	जिल्ला	स्थानीय तह
१	भोजपुर	पौवादुङमा गाउँपालिका
२	इलाम	सूर्योदय नगरपालिका
३	सुनसरी	हरिनगरा गाँउपालिका

३.५ सडक बालबालिका

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (४) मा जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकार हुनेछ भन्ने व्यवस्था रहेको छ । नेपालको विभिन्न कानूनी एवम् नीतिगत व्यवस्थाहरुले सडक बालबालिकाको सूचना, अभिलेख, सडकमा आएका बालबालिकाको उद्धार, परिवारिक सहयोग र पुनर्एकीकरण, मनोसामाजिक मनोविमर्श लगायतका कार्यक्रम सञ्चालन गर्न राज्यलाई जिम्मेवार बनाएको छ । कोशी प्रदेश सरकारले

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ मा सडक बालबालिकाको अभिलेख दुरुस्त गर्ने व्यवस्था मिलाउने, सडकमा आएका बालबालिकाको उद्धार गरी अस्थायी संरक्षण केन्द्र राख्ने एवम् परिवारमा पुनएकीण गर्ने कार्यक्रम सञ्चालन गर्ने, पारिवारिक सहयोग तथा मनोसामाजिक परामर्श गर्नेजस्ता कार्यहरु समावेश छ । नेपाल सरकार, महिला, बालबालिका, लेङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयले सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ जारी गरेको छ ।

प्रदेश खोजतलास समन्वय केन्द्र १०४ का अनुसार कोशी प्रदेशमा आ।व। २०८२/०८३ मा जम्मा १५ बालक गरी जम्मा १५९ जना बालबालिकाहरु (१५३ बालक र ६ बालिका) को उद्धार भई संरक्षण तथा व्यवस्थापन भएको छ।

३.६ बालविवाह

नेपालको संविधानको धारा ३९ को उपधारा (५) मा बाल विवाह गर्न गराउन नपाइने व्यवस्था उल्लेख भएको छ। मुलुकी देवानी संहिता, २९७४ र मुलुकी अपराध संहिता, २०७४ मा २० वर्ष उमेर नपुगी गरिएको विवाहलाई बाल विवाहको रुपमा परिभाषित गरेको छ भने २० वर्ष नपुगी गरिएका विवाह स्वतः बदर हुने व्यवस्था छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ ले बाल विवाहलाई बालबालिका विरुद्धको हिंसा तथा अपराध मानी सजाय र जरिवानाको व्यवस्था गरेको छ र अठार वर्ष उमेर पूरा नगरेको व्यक्तिलाई बालबालिका मानेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेश मा कूल बालबालिकामध्ये विवाह गर्ने कानूनी उमेर नपुगी विवाह भएका बालबालिका १.६ प्रतिशत रहेका छन्।

तालिका नं।१९ बालहेल्पलाईन १०९८ मा आ.व. २०८२/८३ मा दर्ता भएका बालविवाहका घट्ना संख्या

क्रा.सं।	बालहेल्पलाईन को नाम	जिल्ला	बालविवाह दर्ता भएको संख्या
१	बालहेल्पलाईन	मोरङ्ग	३२
२	बालहेल्पलाईन	सुनसरी	३६
३	बालहेल्पलाईन	उदयपुर	०
४	बालहेल्पलाईन	संखुवासभा	१
५	बालहेल्पलाईन	ईलाम	०
	जम्मा		७९

स्रोतः बालहेल्पलाईन १०९८, मोरङ्ग, सुनसरी , उदयपुर, ईलाम र सखुवासभा २०८३

तालिका नं. २० : आ.व. २०८२/८३ मा बालविवाहमा बालक र बालिकाको संख्या

क्रा.सं।	जम्मा बालविवाहको घटना	बालक	बालिका
१	६९	२९	४०

स्रोतः बालहेल्पलाईन १०९८, मोरङ्ग, सुनसरी, संखुवासभा,इलाम र उदयपुर

३.७ बालबालिका विरुद्धको हिंसा र बाल यौन दुर्व्यवहार

नेपालको संविधानको धारा ३९ मा कुनै पनि बालबालिकालाई कुनै पनि माध्यम वा प्रकारले, दुर्व्यवहार, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (५) मा प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछुतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकारको व्यवस्था गरेको छ। ऐनकै दफा ६६ मा बालबालिका विरुद्धको हिंसा र बाल यौन दुर्व्यवहारको परिभाषा गरी सजाय तथा जरिवानाको व्यवस्था गरेको छ। नेपाल सरकारले बाल अधिकार महासन्धि अन्तर्गतको बालबालिकाको बेचबिखन, यौनशोषण र अश्लील चित्रण सम्बन्धी इच्छाधिन आलेख, २००० लाई सन् २००६ को जनवरी २० तारिखमा अनुमोदन गरेको छ। बालबालिका विरुद्ध हुने अनलाइन दुर्व्यवहार सम्बन्धी विषय समेत सम्बोधन गर्ने गरी साइबर अपराध लक्षित विद्युतीय कारोबार ऐन, २०६३ कार्यान्वयनमा रहेको छ। दूर सञ्चार सेवा प्रदायक लगायतका लागि नेपाल दूरसञ्चार प्राधिकरणले अनलाइन बाल सुरक्षा निर्देशिका, २०७६ कार्यान्वयनमा ल्याएको छ।

कोशी प्रदेश प्रहरी कार्यालयबाट प्राप्त तथ्याङ्क अनुसार बाल विवाह, अप्राकृतिक मैथुन, बाल यौन दुरुप्रयोग लगायतका घटनाबाट पीडित बालबालिकाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. २१ : बालबालिका विरुद्ध हिंसा र बाल यौन दुर्व्यवहारका शिर्षकमा मुद्धा दर्ता र पिडीतको विवरण

क्र.स.	हिंसाको प्रकार	मुद्धा दर्ता संख्या	फछ्यौंट	बाँकी	पीडितको संख्या	
					बालक	बालिका
	अप्राकृतिक मैथुन	१	१	०	१	०
	बाल यौन दुरुपयोग	११४	१०९	५	०	११६
	बाल विवाह	१२	११	१	०	१२
	बालबालिका विरुद्धको कसूर	१०	१०	०	०	१२
	कुल जम्मा	१३७	१३१	६	१	१४०

स्रोतः प्रदेश प्रहरी कार्यालय, कोशी प्रदेश २०८३

तालिकानं. २२: प्रदेश प्रहरी कार्यालय, कोशी प्रदेशमा दर्ता भएका मुद्धा र पीडित बालबलिका

क्र.स.	हिंसाको प्रकार	मुद्धा दर्ता संख्या	फछ्यौंट	बाँकी	पीडितको संख्या	
					बालक	बालिका
१	जबरजस्ती करणी	५१२	४४२	७०	०	३४५
२	जबरजस्ती करणी उधोग	८३	७६	७	०	२७
३	अप्राकृतिक मैथुन	१	१	०	१	०
४	मानव बेचबिखन गरी ज.ज.क	१	१	०	०	१
५	अपहरण शरीर बन्धक गरी ज.ज.क.	६	५	१	०	५
६	बाल यौन दुरुप्रयोग	११४	१०९	५	०	११६
७	मानव बेचबिखन तथा ओसारप्रसार	१५	१५		०	६
८	अवैध गर्भपतन	५	५	०	०	३
९	बाल विवाह	१२	११	१	०	१२
१०	बालबालिका विरुद्धको कसूर	१०	१०	०	०	१२
	कुल जम्मा	७५९	६७५	८४	१	५१५

स्रोतः प्रदेश प्रहरी कार्यालय, कोशी प्रदेश २०८३

३.८ सवारी दुर्घटनामा परेका बालबालिका

नेपालमा बढ्दो सवारी यातायातको उपयोग तथा विस्तारीकरणसँगै सडक दुर्घटना पनि बढ्दै गएका छन्।दुर्घटनाबाट धेरै मानिसहरुको निधन तथा घाइते हुने गरेको छ।सडक दुर्घटनामा परी बालबालिकाको मृत्यु तथा घाइते हुने गरेको पाइएको छ। कोशी प्रदेश प्रहरी कार्यालयबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशमा ६ हजार ४ सय १२ वटा सवारी दुर्घटनामा २४ जना बालबालिकाको मृत्यु भएको र १२०८ जना घाइते भएको पाइएको छ।

तालिका नं २३: सवारी दुर्घटनामा परी घाईते र मृत्यू भएका बालबालिकाहरुको विवरण

आर्थिक वर्ष		जम्मा सवारी दुर्घटना	मृत्यु बालबालिका		घाइते बालबलिका	
			बालक	बालिका	बालक	बालिका
२०८२/०८३		६४१२	१४	१०	७२८	४८०
जम्मा			२४		१२०८	

स्रोतः प्रदेश प्रहरी कार्यालय, कोशी प्रदेश २०८३

३.९ बाल सुधार गृह मोरङ मा रहेका बालबालिकाहरुः

वयस्कबाट हुन सक्ने कुनै पनि आपराधिक घटनाहरू बालबालिकाबाट हुन गएमा यसलाई 'बाल बिज्याइँ' भन्ने गरिन्छ। त्यस्ता घटनाहरूमा अदालतबाट दोषी ठहरिएका बालबालिकालाई तोकिएको समयावधिका लागि जेलमा नराखी सुधार गृहमा राख्ने गरिएको छ। हाल देशभरि ९ वटा बाल सुधार गृहहरू सञ्चालनमा रहेका छन्। उक्त गृहहरूमा रहेका बालबालिकाका लागि कारागार व्यवस्थापन विभागको तर्फबाट नियमानुसारको रासन तथा सुविधा प्रदान गरिन्छ र आवश्यक सुरक्षाकर्मीको व्यवस्था गरिन्छ। बाल सुधार गृहमा बालबालिकालाई शिक्षा र तालिमको व्यवस्था गरिएको हुन्छ। हाल कोशी प्रदेशमा सञ्चालनमा रहेको बाल सुधार गृह, मोरङमा सुधार प्रक्रियामा रहेका संरक्षित बालकहरुको विवरण तलको तालिकामा दिइएको छः

तालिका नं २४: बाल सुधार गृह, मोरङमा रहेका बालकहरुको विवरण

क्र.स.	जिल्ला	कैदी बालक	थुनुवा बालक	कुल जम्मा
१	बाल सुधार गृह मोरङ	१७६	६७	२४३

स्रोतः कारागार व्यवस्थापन विभाग, २०८३

तालिका नं. २५: घटनाको विवरण अनुसार बाल सुधार गह, मोरङमा रहेका बालकहरुको विवरण

क्रसं	घटनाको विवरण	बालकको संख्या
१	कर्तव्य ज्यान	३३
२	ज्यान मार्ने उद्योग	६
३	लागु औषध ओसारपसार	२५
४	जवरजस्ती करणी	११५
५	सामुहिक जवरजस्ती करणी	२१

क्रसं	घटनाको विवरण	बालकको संख्या
६	चोरी	११
७	सवारी ज्यान	४
८	अप्राकृतिक मैथुन	७
९	जवरजस्ती करणी उद्योग	५
१०	अपहरण	३
११	हाडनाता जाक।	७
१२	सवारी अंगभंग	१
१३	आत्महत्या दुरुत्साहन	
१४	कर्तव्य ज्यान र डकैत	६
	जम्मा	२४४

स्रोतःस्बाल सुधार गृह, मोरङ २०८३

३.१० कैदी बन्दीसँगै कारागारमा रहेका बालबालिका

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ अनुसार थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका हुन भनी परीभाषित गरेको छ। त्यस्तो अवस्थामा रहेका बालबालिकालाई बालकल्याण अधिकारीले वैकल्पिक हेरचाह लगायत अन्य आवश्यक सेवाको प्रबन्ध गर्नु पर्ने कानूनी व्यवस्था छ। अभिभावक कैदीबन्दीको रुपमा रहँदा घर परिवारमा साना बालबालिकालाई पालन पोषण तथा हेरचाह गर्ने कोही नभएको अवस्थामा वा दुई वर्षमुनिका त्यस्ता बालबालिका समेत बाबु वा आमा वा अभिभावकसँगै कारागारमा बस्नुपर्ने बाध्यता रहन्छ। आ.व. २०८२/८३ मा देशका विभिन्न कारागारमा ६० जना बालबालिका आश्रित रहेकोमा कोशी प्रदेशका विभिन्न कारागारमा ७ जना बालबालिका आश्रित रहेका छन्।

तालिका नं. २६: अभिभावकसँगै कारागारमा रहेका बालबालिका

क्र.स.	जिल्ला	आश्रित बालबालिका संख्या
१	मोरङ	२
२	इलाम	३
३	भोजपुर	१
४	संखुवासभा	१

स्रोतः कारागार व्यवस्थापन विभाग, २०८३

कारागारमा आमा वा बाबु वा अभिभावकसँग आश्रित बालबालिकालाई बन्दी सहायता नेपाल संस्थाले कारागारबाट स्थानान्तरण गरी संस्थागत संरक्षण तथा पुनःस्थापना गर्ने गरेका छन्।

तालिका नं. २७: संस्थाको संरक्षणमा रहेका बालबलिका

क्रसं।	संस्थाको नाम	ठेगाना	बालक	बालिका	जम्मा
१	श्री बन्दी सहायता नेपाल	अर्जुनधारा नगरपालिका, झापा	१६	१४	३०

स्रोतः बन्दी सहायता नेपाल, अर्जुनधारा (२०८३)

३.११ बालगृह

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि प्रदेश एवम् स्थानीय तहले आवश्यकतानुसार बाल गृहको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न बालगृह सञ्चालन नमुना कार्यविधि, २०७५ जारी गरेको छ। कोशी प्रदेशमा सञ्चालनमा रहेका यस्ता गृहहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २८: बालगृह र बालगृहमा रहेका बालबालिकाहरुको विवरण

क्र. सं.	बालगृहको नाम	गृहको ठेगाना	बाल गृहको प्रकार
१	बन्दी सहायता नेपाल	अर्जुनधारा न.पा	दीर्घकालीन
२	समाज सेवा सुधार युवा संघ अपाङ्ग सहयोग समिति	मेचिनगर नगरपालिका-७, झापा	दीर्घकालीन
३	मकालु त्रिशक्ति समूह नेपाल	खाँदबारी न.पा-७ , संखुवासभा	दीर्घकालीन
४	श्रीसरस्वतीबाल आश्रम	धरान उप म.पा-३ सुनसरी	दीर्घकालीन
५	पूर्वाञ्चलबाल सेवा आश्रम	बिराटनगर-१३मोरङ	दीर्घकालीन
